# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३१५ | काठमाडौं | आइतबार, ०१ चैत २०८२ | Prabhab National Daily | Sunday, 15 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सामाजिक तथा सांस्कृतिक सदभाव कायम राखौं।**

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं, जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं।
- चाडपर्व र उत्सवहरु मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं।
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।

विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# चुनावी हारबारे एमालेमा दुईथरी मत

भदौ २३ र २४ को घटनालाई हामीले जनतामाझ ठीक ढंगले सम्प्रेषण गर्न सकेनौं । त्यसले एमाले र नेतृत्वविरूद्ध एउटा भाष्य बन्यो र त्यसको असर जनमतमा देखियो ।

**■ लेखराज भट्ट**
उपमहासचिव, नेकपा एमाले

चुनावमा हारका धेरै कारण छन्, आन्तरिक र बाह्य पनि । यसबारे हामीले वस्तुनिष्ठ र निर्मम ढंगले समीक्ष गर्नैपर्छ । होइन भने पार्टीमा संकट गहिरिन्छ ।

**■ प्रदीप ज्ञवाली**
नेता, नेकपा एमाले

यो कुनै षड्यन्त्र होइन, यो एमालेको वर्तमान सञ्चालन पद्धति र हठलाई जनताले पूर्णरूपमा 'रिजेक्ट' गरेको सन्देश हो ।

**■ सुरेन्द्र पाण्डे**
नेता, नेकपा एमाले

■ ■ ■

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभा निर्वाचनमा अपेक्षाभन्दा कमजोर परिणाम आएपछि नेकपा एमालेले कमीकमजोरी भएको स्वीकार गरेको छ । शनिबार बसेको सचिवालय बैठकले पार्टीमा अन्तरघात भएको, एमाले सरकारको पालामा भएका राम्रा काम जनतासामु पुऱ्याउन नसकिएको र भदौ २३ र २४ मा भएको जेन-जी घटनाबारे जनतामाझ राम्ररी बुझाउन नसक्दा हार बेहोर्नुपरेको प्रारम्भिक निष्कर्ष निकालेको हो ।

पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध लागेको आरोपले पनि जनमत प्राप्तिमा असर पुगेको एमालेको निष्कर्ष छ । पार्टी उपमहासचिव लेखराज भट्टले बैठकपछि पत्रकारहरूसँग भने, 'भदौ २३ र २४ को घटनालाई हामीले जनतामाझ ठीक ढंगले सम्प्रेषण गर्न सकेनौं । त्यसले एमाले र नेतृत्वविरुद्ध एउटा भाष्य बन्यो र त्यसको असर जनमतमा देखियो ।'

उनका अनुसार पार्टी नेतृत्वविरुद्ध निर्वाचनअघि मतदाताहरूमा नकारात्मक धारणा थियो । त्यसलाई चिर्न नसक्दा निर्वाचन परिणाममा असर पुग्यो । उनले हाल पार्टी अध्यक्ष ओली शोकमा रहेको र पछि औपचारिक रूपमा समीक्षा हुने बताए । हाल तल्ला कमिटीबाट चुनावी रिपोर्टिङ भइरहेको पनि उनको भनाइ छ । 'चुनावी समीक्षा हाम्रो पार्टीको जीवनसँग जोडिएको विषय हो । अहिले वडा तहदेखि नै समीक्षा बैठक भइरहेका छन् र रिपोर्टहरू तयार भइरहेका छन्,' उनले भने ।

निर्वाचनमा देशभरबाट प्रत्यक्षतर्फ एमालेले नौ सिटमात्रै जित्यो । उम्मेदवारी भने १६५ वटै निर्वाचन क्षेत्रमा थियो । २०४८ पछिको निर्वाचन परिणामलाई आधार मान्दा प्रत्यक्षमा एमालेको यो सिट संख्या सर्वाधिक कम हो । समानुपातिकमा पनि १६ सिटमात्रै पायो । २०७९ को तुलनामा एमालेको समानुपातिक मत ठ्याक्कै आधाले घटेको छ ।

इतिहासमै सर्वाधिक कमजोर अवस्थामा पार्टी पुगेपछि एमालेभित्रका एकथरी नेताहरूले पार्टी अध्यक्ष केपी शर्मा ओलीको राजीनामा माग्गिरहेका छन् । पार्टीलाई पूरै 'रिसेट' गर्नुपर्ने माग पनि उठेको छ । यस्तो माग गर्ने नेता सुरेन्द्र पाण्डे हुन् । उनले शनिबार सामाजिक सञ्जाल फेसबुकमा ओलीको आलोचना गर्दै लेखे, 'नेकपा एमालेको पूनर्संरचना र कार्यशैली रिसेट गर्नुपर्ने बेला आइसकेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

# समानुपातिक सांसद चुन्दै छ दल

- समानुपातिकतर्फ सांसद चुन्ने समयसीमा आज सकिँदै
- छ दलले प्राप्त सिटलाई आधार मानेर सांसद चुन्ने
- एमालेले १६ सांसद चुन्दा, रास्वपा, कांग्रेस, नेकपा, श्रम संस्कृति पार्टी र राप्रपाको बाँकी
- रास्वपाले ५७, कांग्रेसले २०, नेकपाले नौ, श्रम संस्कृति र राप्रपाले चार-चार सांसद चुन्ने
- समावेशी क्लस्टरअनुसार सांसद चुन्नुपर्ने अवस्थामा दलहरु




**■ जेबी योञ्जन**

**काठमाडौं–** निर्वाचन आयोगले निर्धारण गरेको सिटअनुसार राष्ट्रिय दलको मान्यता प्राप्त राजनीतिक दलहरूले समानुपातिकतर्फका सांसदको नाम बुझाउनु समयसीमा आज सकिँदै छ । समानुपातिकतर्फ तीन प्रतिशतको 'थ्रेसहोल्ड' कटाएका दलहरू राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)हुन् ।

नेकपा एमालेले समानुपातिकतर्फका सांसदहरू शनिबार टुंगो लगाएको छ । निर्वाचन आयोगमा गत पुसको दोस्रो साता बुझाएको समानुपातिकतर्फका उम्मेदवारहरूको बन्दसूचीका आधारमा एमालेको सचिवालय बैठकले शनिबार १६ सिटमा नाम टुंगो लगाएको नेता लेखराज भट्टले बताए । उनका अनुसार भक्तपुरको गुण्डुस्थित अध्यक्ष केपी शर्मा ओलीको निवासमा बसेको सचिवालय बैठकले समावेशी क्लस्टरअनुसार नाम चयन गरेको हो ।

एमालेले आदिवासी जनजाति महिलाबाट भूमिका सुब्बा, गंगादेवी श्रेष्ठ, आदिवासी जनजाति पुरुषमा रामबहादुर थापा मगर र कुलभक्त शाक्य, खस आर्यबाट पद्मा अर्याल, टुकाभद्रा हमाल, यशुदाकुमारी बराल (पिछडिएको क्षेत्र), खस-आर्य पुरुषबाट गुरूप्रसाद बराल र पुष्पराज कँडेललाई समानुपातिक सांसद चयन गरेको हो । यसैगरी थारूबाट कृपाराम राना, दलितबाट विष्णुमाया बिके, नीता घतानी, मधेसीबाट रिंगला यादव, यशोधाकुमारी यादव तथा चन्द्रेश्वर मण्डल र मुस्लिमबाट साजिदा सिद्दीकीलाई एमालेले समानुपातिक सांसद बनाउने निर्णय गरेको छ ।

प्रतिनिधिसभामा पहिलो दल बनेको रास्वपाले शनिबार नै समानुपातिक सांसदहरूको टुंगो लगाउने जनाएको थियो । तर, आकस्मिकरूपमा पार्टी बैठक आजलाई सारेको थियो । प्रवक्ता मनिष झाका अनुसार सभापति रवि लामिछानेको निर्देशनमा बैठक सारिएको हो । बैठक आज बिहान १० बजे पार्टी कार्यालय बनस्थलीमा बस्ने उनले बताए ।

उनका अनुसार बैठकमा समानुपातिक सांसद टुंगो लगाउने मुख्य एजेण्डा छ । प्रत्यक्षको १२५ र समानुपातिकको ५७ गरेर रास्वपाको प्रतिनिधिसभामा १८२ सांसद हुने देखिन्छ । त्यसको एकतिहाइ महिला हुनुपर्ने संवैधानिक प्रावधानअनुसार रास्वपाबाट ६० जना महिला सांसद प्रतिनिधिसभामा हुनुपर्छ । राष्ट्रिय सभामा उपस्थिति नभएको रास्वपाको प्रतिनिधिसभा प्रत्यक्षबाट १३ जना महिला निर्वाचित छन् । बाँकी ४७ जना महिलालाई समानुपातिकको बन्दसूचीबाट संसद्मा लैजानुपर्ने भएको छ । सोहीअनुसार आज रास्वपाले ४७ जना महिलालाई समानुपातिकतर्फबाट निर्वाचन आयोगलाई सिफारिस गर्नुपर्ने छ ।

निर्वाचनबाट दोस्रो दलको हैसियतमा झरेको नेपाली कांग्रेसको समानुपातिक सांसद टुंगो लगाउन आज कार्यसम्पादन समिति बैठक बस्दै छ । पार्टी केन्द्रीय कार्यालयले शनिबार एक सूचना जारी गर्दै प्रतिनिधिसभाको समानुपातिकतर्फका सांसदहरूको नाम टुंगो लगाउन केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाएको जनाएको छ । बैठक आज दिउँसो १ बजे पार्टी केन्द्रीय कार्यालय सानेपामा बस्ने भएको कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले बताए ।

उनका अनुसार निर्वाचनअघि आयोगमा बुझाएको समानुपातिक बन्दसूचीमा रहेका उम्मेदवार हरूमध्येबाट दलले प्राप्त गरेको सिट संख्याका आधारमा समानुपातिक उम्मेदवारहरूको नाम टुंगो लगाएर आयोगमा पठाउने विषयमा बैठकमा छलफल हुने छ । कांग्रेसले समानुपातिकमा पाएको २० सिटमा बन्द सूचीबाट १५ जना महिला पठाउनुपर्ने भएको छ । राष्ट्रिय सभामा कांग्रेसका २४ सदस्य छन् । गत पुस ३० मा सुदूरपश्चिमबाट निर्वाचित कांग्रेसका बलदेव बोहराको निधनपछि राष्ट्रिय सभाको एउटा सदस्य पद रिक्त छ ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## इजरायल-इरान द्वन्द्व

# सुरक्षा चिन्तासँगै रोजगारी गुम्ने त्रासमा मध्यपूर्वका नेपाली

मान्छेहरु एकदमै प्यानिक भएर बसिरहनुभएको छ । धेरैले ज्यानै गयो भने त सबै सक्किहाल्छ नि भनेको भेटिएको छ । हाम्रो अनुगमनले उद्धार गर्नुपर्ने अवस्था छ भनेर देखाएको छ ।

**■ रामेश्वर नेपाल**
श्रमविद्

■ ■ ■

यो महिनामै रेमिट्यान्समा द्वन्द्वको असर नदेखिए पनि पछि गएर आर्थिक क्रियाकलापमा असर गर्छ । विदेशको रोजगारी प्रभावित हुनासाथ घरेलु रोजगारीमा दबाब बढ्छ ।

**■ डा. गुणाकर भट्ट**
अर्थशास्त्री

■ ■ ■

**■ ममता थापा**

राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक डा. गुणाकर भट्ट (बायाँ) र श्रमविद् रामेश्वर नेपाल

**काठमाडौं–** सरकारले मध्यपूर्वमा रहेको श्रमिकको अवस्था चिन्ताजनक नरहेको बताए पनि उनीहरू त्रासमा रहेको पाइएको छ । विभिन्न मुलुकमा रहेका श्रम अधिकारकर्मीको टोलीले गरेको प्रारम्भिक अनुगमनमा श्रमिकहरू त्रसित अवस्थामा भेटिएको सरोकारवालाहरूको भनाइ छ ।

श्रमविद् रामेश्वर नेपालले सरकारले भनेभन्दा ठीक विपरीत स्थिति आफूहरूले पाएको बताए । शुक्रबार नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आयोजना गरेको 'मध्यपूर्वको समस्या र नेपाली अर्थतन्त्रमा देखिने प्रभाव' विषयक अन्तरक्रियामा बोल्दै उनले ज्यान जाने हो कि भन्ने त्रसित मनस्थितिमा श्रमिकहरू भेटिएको बताए ।

'परराष्ट्रमन्त्रीले उद्धार गर्नुपर्ने अवस्था रहेनछ भन्नुभयो, तर विश्वका विभिन्न क्षेत्रमा रहेको हाम्रो टिमले निरन्तर अनुगमन गरिरहेको छ,' श्रमविद् नेपालले भने, 'मान्छेहरू एकदमै प्यानिक भएर बसिरहनुभएको छ । धेरैले ज्यानै गयो भने त सबै सक्किहाल्छ नि भनेको भेटिएको छ । हाम्रो अनुगमनले उद्धार गर्नुपर्ने अवस्था छ भनेर देखाएको छ ।'

⏭ क्रमशः पृष्ठ २ मा

### 'द्वन्द्व लम्बिए नेपालको अर्थतन्त्रमा ठूलो प्रभाव पार्छ'

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक डा. गुणाकर भट्टले नेपालीहरूको प्रमुख रोजगार गन्तव्यमा चर्किएको युद्धले मुलुकको आर्थिक क्रियाकलापमा असर गर्ने बताएका छन् । वैदेशिक रोजगार क्षेत्र प्रभावित हुनासाथ रेमिटचान्समा प्रभाव पर्ने भएकाले यसको असर निकै ठूलो हुने उनको भनाइ छ ।

'अहिले यो महिनामै रेमिटचान्समा यसको असर नदेखिए पनि पछि गएर आर्थिक क्रियाकलापमा असर गर्छ,' नेपाल आर्थिक पत्रकार समाजले शुक्रबार आयोजना गरेको अन्तरक्रियामा उनले भने, 'यसले विदेशी विनिमय सञ्चिति घट्दा र अन्तर्राष्ट्रियस्तरमा बार्गेनिङ गर्ने क्षमता प्रभावित हुन्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## आयल निगमको आग्रह

# ग्यासको अनावश्यक भण्डारण नगर्नू

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले आवश्यकताअनुसार मात्र एलपी ग्यास खरिद गर्न र अनावश्यक भण्डारण नगर्न सबैमा अनुरोध गरेको छ । निगमले ग्यास उद्योगी तथा एलपी ग्यासका बिक्रेताहरूलाई घरायसी प्रयोजनका लागि प्रयोग गर्ने उपभोक्तालाई उच्च प्राथमिकतामा राखेर एलपी ग्यासको बिक्रीवितरण गर्ने व्यवस्था मिलाउन अनुरोध गरेको हो ।

निगमले शनिबार विज्ञप्ति जारी गर्दै हाल मध्यपूर्व क्षेत्रमा भइरहेको युद्धका कारण पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको आपूर्तिमा विश्वव्यापीरूपमा असर परिरहेको भए पनि निगमले नियमितरूपमा पेट्रोलियम पदार्थ तथा एलपी ग्यास आपूर्ति गरी बिक्रीवितरणको व्यवस्था मिलाइरहेको जनाएको छ ।

निगमले भनेको छ, 'निगमले मुलुकभरिका ग्यास उद्योगीलाई आ-आफ्नो उद्योगबाट बिक्रेतालाई बिक्री गर्ने परिमाण, ठेगाना र सम्पर्क नम्बरसहित हरेक दिन बिहान १०:०० बजेभित्र सार्वजनिक

⏭ क्रमशः पृष्ठ २ मा

### कृत्रिम अभाव सिर्जना गरे कारबाही

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले खाना पकाउने ग्यास र सवारीसाधनमा प्रयोग हुने इन्धनको कृत्रिम अभाव सिर्जना गर्ने तथा कालोबजारी गर्नेलाई कारबाही गरिने जनाएको छ । ग्यास हुँदाहुँदै छैन भनेर ग्राहकलाई नदिने, अब ग्यास पाइँदैन भनेर धेरै मूल्य लिने, इन्धन डिपोहरूमा तेल मौज्दात हुँदाहुँदै छैन भनेर उपभोक्तालाई फर्काउने गरिएको गुनासो आउन थालेपछि महानगरले निगरानी संयन्त्र सक्रिय बनाएको कामपाका प्रशासन विभागका प्रमुख महेश काफ्लेले जानकारी दिए ।

⏭ क्रमशः पृष्ठ २ मा

# गोरखामा माइक्रो बस दुर्घटना, सात जना भारतीय नागरिकको मृत्यु

**काठमाडौं (प्रस)–** गोरखाको मनकामना मन्दिर दर्शन गरेर फर्किंदै गरेको माइक्रो बस शनिबार राति दुर्घटना हुँदा सात जना भारतीय नागरिकको मृत्यु भएको छ ।

गोरखाको सहिदलखन गाउँपालिका-३ कनटारमा प्रदेश ००६ ख ८४३० नम्बरको माइक्रो बस दुर्घटना हुँदा उनीहरूको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रमुख प्रहरी उपरीक्षक भरतबहादुर विकले जानकारी दिए । उनका अनुसार मृतक दुई जना महिला र पाँच जना पुरुष रहेका छन् । उनीहरूको सनाखत हुन बाँकी रहेको छ ।

गोरखाका ट्राफिक प्रहरी प्रमुख सुरज अर्यालका अनुसार राति करिब ८ बजे गाडी सडकबाट करिब १५० देखि २०० मिटर तल खसेर दुर्घटना भएको हो । दुर्घटनामा आठ जना घाइते भएका छन् । उनीहरूलाई उद्धार गरी अस्पताल लगिएको छ । घाइतेमध्ये सात जनाको आँबुखैरेनीस्थित अस्पतालमा उपचार भइरहेको र गम्भीर घाइते अर्का एकको थप उपचारका लागि भरतपुर रिफर गरिएको प्रहरीले जनाएको छ ।

अन्य घाइतेहरूको अवस्था सामान्य रहेको बताइएको छ । घटनास्थलमा रहेका केही शव निकाल्न सशस्त्र प्रहरीको टोली खटिएको थियो । दुर्घटनाको कारण ओरालो बाटोमा गाडी तातेर 'ब्रेक फेल' हुँदा भएको हुन सक्ने अनुमान गरिएको छ ।

पृष्ठ १ बाट क्रमशः

## समानुपातिक...

प्रतिनिधिसभामा प्रत्यक्षबाट १८ र समानुपातिकबाट २० गरेर ३८ सदस्य निर्वाचित हुँदा संघीय संसद्मा कांग्रेसको सांसद संख्या ६२ पुग्ने छ । त्यसको एकतिहाइ अर्थात् २० जना महिलाको प्रतिनिधित्व कांग्रेसले गराउनुपर्छ । राष्ट्रिय सभामा पाँच र प्रतिनिधिसभामा प्रत्यक्षबाट निर्वाचित एक महिला रहेकाले बाँकी १४ जना महिला सांसद समानुपातिकको २० जनाबाट कांग्रेसले पठाउनुपर्ने भएको हो ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पनि आजै समानुपातिक सांसद टुंगो लगाउने भएको छ । नेकपाले समानुपातिकमा नौ सिट पाएको छ । त्यसमा चार महिलासँगै अन्य विभिन्न क्लस्टरबाट समानुपातिक सांसद चुनिने नेता गणेशमान पुनले बताए । यससँगै नेकपाको संघीय संसद्मा ३४ जनाको प्रतिनिधित्व पुग्दै छ । राष्ट्रिय सभामा १७ जना छन् । प्रतिनिधिसभामा प्रत्यक्षबाट आठ जनाले जितेका छन् । समानुपातिकबाट नौ जना निर्वाचित भएसँगै नेकपाको प्रतिनिधिसभा र राष्ट्रिय सभामा समान १७/१७ जना सांसद हुने भएको हो ।

चार-चार सिट पाएका श्रम संस्कृति पार्टी र राप्रपाले दुई-दुई सिट महिलालाई दिनुपर्ने छ । बाँकी अन्य क्लस्टरबाट मिलाएर समानुपातिक सांसद टुंगो लगाउनुपर्ने छ । उसो त शनिबार नै श्रम संस्कृति पार्टीले चार सिटमा समानुपातिक सांसदको टुंगो लगाएको समाचार विवरण सार्वजनिक भएको थियो । तर, पार्टी अध्यक्ष हर्क साम्पाङले त्यो गलत भन्दै खारेज गरिदिए ।

उनले सामाजिक सञ्जाल फेसबुकमा लेखे, 'आधिकारिक को-को हो भनेर निर्णय भइसकेको छैन । तयारीमात्रै भइरा'छ है । समानुपातिकबारे धेरै हतार गरेर समाचार बनाइहाल्नु पर्दैन ।' राप्रपाले पनि आजै समानुपातिकतर्फको सांसदको सूची टुंगो लगाउने भएको छ । नेता बुद्धिमान तामाङका अनुसार पार्टीले समानुपातिक सांसदहरूको नाम छानेर निर्वाचन आयोगमा पठाउने तयारी गरेको छ ।

यसरी समानुपातिकतर्फको ११० सिटमा छ राजनीतिक दलबाट समावेशी आधारमा सांसद छानिँदै छ । दलले छानेको नाम प्राप्त गरेपछि आयोगले दुई दिनभित्रै समावेशी समूह र बन्दसूचीको क्रम मिले-नमिलेको छानबिन गर्ने सहायक प्रवक्ता कुलबहादुर जिसीले बताए । उनका अनुसार त्यसमा कैफियत देखिए मिलाएर पठाउन सम्बन्धित दललाई आयोगले पुनः निर्देशन दिने छ । त्यसपछि प्राप्त समानुपातिक सांसदको टुंगो लगाएर आयोगले राष्ट्रपति रामचन्द्र पौडेललाई प्रतिवेदन बुझाउने छ । संविधानअनुसार राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र संघीय संसद्को अधिवेसन आह्वान गर्ने उल्लेख छ । संसद्को अधिवेशन आह्वान भएपछिमात्रै निर्वाचित सांसदले पद तथा गोपनीयताको शपथ लिने छन् ।

■■■

## चुनावी हारबारे...

यस्तो गम्भीर मोडमा पनि सबै ठीक थियो, हामीलाई त फसाइयो भन्ने निष्कर्ष निकाल्नु आफैंलाई धोका दिनु हो ।' उनले पराजयलाई अन्तरघातसँग जोडेर समीक्षा गरे जनताको विवेकको अपमान हुने टिप्पणी गरे । बरु, नेतृत्वको हठलाई अस्वीकार गरेको बताए । 'यो कुनै षड्यन्त्र होइन, यो एमालेको वर्तमान सञ्चालन पद्धति र हठलाई जनताले पूर्णरूपमा रिजेक्ट गरेको सन्देश हो,' उनको भनाइ छ । अब पार्टी नबदलिए पार्टी र देश दुवैका लागि घातक हुने उनले चेतावनी दिए ।

ओलीनिकट नेता प्रदीप ज्ञवालीले भने पार्टीको कमजोर नतिजा आउनुमा आन्तरिक र बाहच दुवै कारण जिम्मेवार रहेको बताएका छन् । तर, पार्टी अहिले इतिहासकै कठिन मोडमा पुगेको बताउँदै उनले वस्तुनिष्ठ र निर्मम समीक्षा नगरे पार्टीभित्रको संकट अझ गहिरिँदै जाने बताए । 'चुनावमा हारका धेरै कारण छन्, आन्तरिक र बाहच पनि । यसबारे हामीले वस्तुनिष्ठ र निर्मम ढंगले समीक्षा गर्नैपर्छ । होइन भने पार्टीमा संकट गहिरिन्छ,' उनले पार्टी बैठकबाट बाहिरिँदा भने ।

निर्वाचन परिणामपछि एमालेभित्र नेतृत्व, कार्यशैली र संगठनात्मक संरचनाबारे प्रश्न उठ्न थालेका छन् । केही नेताहरूले खुलारूपमा पार्टीको दिशा र रणनीतिबारे पुनर्विचार गर्नुपर्ने बताएका छन् । निर्वाचनपछि पहिलोपटक शनिबार बसेको सचिवालय बैठकले निर्वाचन समीक्षासँगै समानुपातिकतर्फका १६ सांसदको नाम टुंग्याएको छ ।

■■■

## सुरक्षा चिन्तासँगै...

गत बुधबार परराष्ट्र मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री बालानन्द शर्माले युद्ध विस्तारै शान्त हुँदै गएकाले तत्काल उद्धार गरिहाल्नुपर्ने स्थिति नरहेको बताएका थिए । सम्बन्धित देशका नियोगहरूबाट लिइएको जानकारीअनुसार त्यहाँ कार्यरत श्रमिकको अवस्था चिन्ताजनक नरहेको मन्त्री शर्माले बताएका थिए । तर, श्रमविद् नेपालले युद्धप्रभवित पश्चिम एसिया क्षेत्रमा रहेका श्रमिकहरू बढी समस्यामा रहेको पाइएको बताए । सुरक्षित स्थानबारेको सूचनासमेत श्रमिकहरूसम्म नपुगेको पाइएको उनले बता । उनका अनुसार त्यहाँका नागरिकजत्तिको सुरक्षा संयन्त्रको पहुँचमा आप्रवासी श्रमिक नभएको पाइएको छ ।

'प्रभावित मुलुकहरूमा श्रमिकहरूलाई मिसाइल आए कहाँ जानेसम्म थाहा छैन । तर उनीहरूले आफ्ना नागरिकको हकमा राम्रो किसिमको सेफ्टी मेसिनरी प्रयोग गरेको देखियो,' उनले भने, 'विदेशी श्रमिकका लागिचाहिँ त्यस्तो गरेको देखिएन । पहिला आफ्नो देशको नागरिक अनि त्यसपछि विदेशी भन्ने व्यवहार पाइएको छ । जुन विभेदकारी छ ।'

त्यहाँ कार्यरत श्रमिकले मिसाइल तथा आक्रमणलगायतका कुनै पनि घटनाको दृश्य खिच्न, या सामाजिक सञ्जालमा घटनासम्बन्धी सामग्री राख्न नपाउने नियम बनाइएको छ । यस्तो भेटिए सजाय हुने भन्दै दूतावासहरूले पटक-पटक सजग गराइरहेका छन् । यस्तो नियमले श्रमिकहरूको अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गरेको नेपालको भनाइ छ । साथै, खाडी मुलुकहरूमा अभ्यास हुँदै आएको कफला सिस्टमले कम्पनी छोड्न चाहनेहरूलाई पनि आफ्ठचारो बनाइदिएको उनले बताए ।

'कफला सिस्टमका कारण कम्पनी छोड्न प्रयत्न गऱ्यो भने विभिन्न आरोप लगाएर डिपोर्ट गर्ने, चोरीलगायतका केसमा जेल पठाइदिनेजस्ता कारणले फर्किन पाइन्छ कि पाइँदैन भन्ने आन्योलता देखिएको छ,' उनले भने, 'नेपाल फर्किंदा पनि ज्याला नदिने, रोजगारीको अन्त्यमा पाउनुपर्ने सुविधाहरूबाट वञ्चित हुनुपर्ने जस्ता दुर्व्यवहारहरू छन् ।'

वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकमध्ये करिब ४० प्रतिशत मध्यपूर्व (पश्चिम एसिया)मा रहेको बताइन्छ । सो क्षेत्रमा १७ लाख नेपालीहरू रहेको परराष्ट्रको तथ्यांक छ । गत फेब्रुअरी २८ मा संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरु भएको युद्धमा परेर एक जना नेपालीको ज्यान गइसकेको छ । हालसम्म १५ नेपाली घाइते भएका छन् । जसमध्ये एक जना उपचाररत रहेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ ।

■■■

## द्वन्द्व लम्बिए...

विदेशको रोजगारी प्रभावित हुनासाथ घरेलु रोजगारीमा दबाब बढ्छ ।' हरेक वर्ष नेपालको श्रमबजारमा पाँच लाख श्रमशक्ति थपिने गरेको सरकारी तथ्यांक छ । मुलुकमा पर्याप्त रोजगारी नहुँदा वार्षिक लाखौं युवा विदेसिन बाध्य हुन्छन् । गत आर्थिक वर्षको तथ्यांक हेर्दा दैनिक औसतमा दुई हजार २९९ जनाले श्रम स्वीकृति लिएको पाइन्छ । मध्यपूर्वको रोजगारी बन्द हुँदा विदेश जाने योजना बनाइरहेका या ऋण लिएर जान ठीक परेकाहरूको समस्या अर्कोतिर छ ।

यद्यपि, द्वन्द्व चाँडै अन्त्य भए क्षति भएका संरचनाको पुनर्निर्माणमा श्रमिकको माग बढ्न सक्ने भएकाले हाम्रा लागि अवसर बन्नसक्ने अर्थशास्त्री डा. भट्टको भनाइ छ । उनले पछिल्लो समय पश्चिम एसियामा देखिएको तनावका कारण नेपालमा ऊर्जा र खाद्य सुरक्षामा चुनौती थपिन सक्ने बताए । 'अब ऊर्जा र खाद्य सुरक्षामा नेपालले ध्यान दिनुपर्छ, पेट्रोलियम पदार्थसहितका दैनिक अत्यावश्यक वस्तुको उचित मौज्दात राख्ने र त्यसको व्यवस्थापनमा मिहेनत गर्नुपर्छ,' उनले भने ।

अब गठन हुने सरकारले चुलिँदो विश्वव्यापी संकटसँग जुध्नसक्ने योजना र कार्यक्रम बनाउनुपर्नेमा जोड दिँदै पूर्वकार्यकारी निर्देशक डा. भट्टले आपूर्ति प्रक्रियामा जिम्मेवार सरकारी संस्थाहरूको प्रभावकारी परिचालन हुनुपर्ने बताए । पेट्रोलियम पदार्थको आयातमा नेपाल पूर्णरूपमा भारतमा निर्भर रहेको अवस्थामा भारतमै पेट्रोलियम पदार्थका अभाव देखिँदा त्यसको प्रभाव स्वतः नेपाली बजारमा पर्ने उनको भनाइ छ ।

■■■

## ग्यासको अनावश्यक...

गरी निगमलाई जानकारी गराउन पुनःअनुरोध गर्दछ । साथै सम्बन्धित उद्योगका बिक्रेताले उपभोक्तालाई बिक्री गरेको नाम, सम्पर्क नं र परिमाणसहितको विवरण राखी सम्बन्धित उद्योगमार्फत हरेक दिन निगमलाई जानकारी गराउन हुन अनुरोध छ ।'

निगमले हालको परिस्थितिलाई दृष्टिगत गरी एलपी ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित बनाई आमउपभोक्ताको मागबमोजिम ग्यास पाउन सक्ने अवस्थाको सहजीकरणका लागि शुक्रबारदेखि लागू हुनेगरी अर्को निर्णय नभएसम्म सम्पूर्ण ग्यास उद्योगले सिलिण्डरमा ७.१ किलो एलपी ग्यास भरी प्रतिसिलिण्डर आधा मूल्य ९५५ रूपैयाँमा बजारीकरण गर्ने/गराउने व्यवस्था मिलाइएको पनि जानकारी दिएको छ ।

■■■

## कृत्रिम अभाव...

काफ्लेले भने, 'ग्यास छैन भन्ने गलत सूचना प्रवाह गरेर मूल्य बढी लिने तथा सर्वसाधारणको जनजीवनमा असहज परिस्थिति सिर्जना गर्नेमाथि कारबाही गर्नेछौं । नेपाल आयल निगमले ग्यासको मूल्य आधा सिलिण्डर ९५५ रूपैयाँ तोकेको छ । यही मूल्यमा खरिदबिक्री गर्न व्यवसायी र उपभोक्तामा हाम्रो अनुरोध छ ।'

ग्यास अभाव हुने आशंकामा उपभोक्ताले बढी भण्डारण गर्ने गरेकाले पनि बजारमा अभाव देखिएको उनको भनाइ छ । यसरी ग्यास सञ्चिति गर्न थालियो भने माग र आपूर्तिको चक्रमा असर पुग्छ । यसकारण उपभोक्ताले पनि जिम्मेवारपूर्वक ग्यास माग गर्नुपर्छ,' काफ्लेले भने, 'सहज जनजीविकाका लागि उपभोक्ता, उद्योग तथा वाणिज्य क्षेत्र र सरकार सबैको समान दायित्व छ । आ-आफ्ना दायित्व सबैले पूरा गनुपर्छ ।'

पेट्रोल पम्पहरूले पनि आफूसँग मौज्दात इन्धन भएर पनि छैन भनी सवारीसाधनलाई उपलब्ध नगराउने सूचना पाइएको जनाउँदै उनले यसमा महानगरले निगरानी थालेको बताए । ग्यास र इन्धन अभाव सिर्जना गर्ने क्रियाकलाप देखेमा तथ्यमा आधारित विवरण महानगरपालिकाका 'हटलाइन नम्बर' ११८० मा टिपाउन सकिने व्यवस्था मिलाइएको छ । यसरी प्राप्त विवरणका आधारमा कामपाले निगरानी गर्ने छ ।

ग्यास बिक्रेता महासंघ, नेपालका अध्यक्ष ज्ञानेश्वर अर्यालका अनुसार भारतबाट आउने ग्यास अहिलेसम्म नियमित छ । उनले सञ्चितिका लागि माग नगर्न उपभोक्तासँग आग्रह गरे ।

# बागमती शुद्ध गर्न बृहत् पाशुपतक्षेत्र पदयात्रा गरिने

**काठमाडौं–** विगत साढे चार दशकदेखि प्रदूषित बन्दै गएको बागमती नदीलाई शुद्ध बनाई बागमतीको जलले पशुपतिनाथलाई स्नान गराउन 'बृहत् पाशुपतक्षेत्र पदयात्रा' गर्ने तयारी भएको छ । शनिबार आयोजित पत्रकार साक्षात्कार एवं प्राज्ञिक उद्बोधन कार्यक्रममा श्रीपशुपतिनाथ र पाशुपतक्षेत्रको माहात्म्य एवं पवित्र बागमती नदीको विशिष्टता उजागर गर्ने उद्देश्यले 'बृहत् पाशुपतक्षेत्र पदयात्रा' (चौसट्ठी सिद्धलिंग दर्शन) गर्न लागिएको जानकारी दिइएको हो ।

पशुपतिनाथ, पाशुपतक्षेत्र तथा बागमती नदीको विशिष्टता समस्त सनातनी तथा नेपालीलाई जागृत गराउने पदयात्राको मुख्य उद्देश्य रहेको महेश सन्न्यास आश्रमका पीठाधीश एवं 'महेश संस्कृत गुरुकुलम्'का अध्यक्ष स्वामी रमणानन्द गिरिले जानकारी दिए । उनका अनुसार बागमती नदी प्रदूषित भएकामा भगवान् पशुपतिनाथ एवं बागमतीप्रति क्षमायाचना तथा प्रायश्चित गर्ने उद्देश्यका साथ पदयात्रा आयोजना गर्न लागिएको हो । स्वामी गिरिको सत्संकल्पमा पदयात्रा गर्न लागिएको जनाइएको छ ।

आगामी चैत १५ गते पशुपति शंकराचार्यमठमा बृहत् पशुपति यात्राको समुद्घाटन गरिने पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको छ । सोही दिन पशुपति पूजन तथा बागमती गंगाको विशेष आरती गरिने छ । चैत १६ गते पशुपति क्षेत्रबाट आदिलिंग कुशेश्वरतर्फ यात्रा गरिने छ । पाशुपत पदयात्राको शुभारम्भ आदिलिंग कुशेश्वर महादेवको दर्शनबाट हुने स्वामी गिरिले बताए ।

कुशेश्वरबाट दोलखा भीमसेनको दर्शन गरेर फर्किएपछि सिन्धुली, नुवाकोट, धादिङ, मकवानपुर, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, जनकपुरलगायत क्षेत्रमा रहेका सिद्धलिंगको दर्शनका लागि पनि पैदल यात्रा गरिने योजना रहेको उनले जानकारी दिए ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/०१ गते**

यस कम्पनीको मिति २०८२/११/२८ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **अल अर्गानिक मार्ट प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **हिमाली पहाडी मार्ट प्रा.लि. (प्रा.लि.नं. ३८१०५६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/०१ गते**

यस कम्पनीको मिति २०८२/११/२६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **लोयोला सेकेण्डरी स्कूल प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **युनिग्लोब प्रिमियर स्कुल काठमाडौं प्रा.लि. (प्रा.लि.नं. १०४५०२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**काठ लिलाम बिक्रीको लागि गोप्य शिलवन्दी बोलपत्र आव्हान गरीएको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/०१**

यस समुहको सामुदायिक वन क्षेत्रबाट आ.व. २८२/०८३ मा संकलन गरी समूहको घाटगद्धी स्थलमा घाटगद्धी गरीएका लट नं. १ र २ का वृक्षारोपण शिशौ जातको गोलिया काठ थान ७९४ को १७८४.१६ क्यु फिट र साल जातको गोलिया काठ थान २५ को ११३.६९ क्यु फिट गरी जम्मा थान ८१९ को १८९७.८५ क्यु फिट काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु) तौलिहवामा सुचिकृत भएका इच्छुक वन पैदावारमा आधारित उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र समूहको कार्यालय वा डिभिजन वन कार्यालय कपिलवस्तु तौलिहवाबाट बोलपत्र खरिद गरी २२ औं दिनभित्र जुन कार्यालयबाट खरिद गरिएको हो सोही कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत सूचना समुहको कार्यालयमा समेत टाँस गरिएको छ । विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**श्री जनमवेर्थी सामुदायिक वन उपभोक्ता समुह, वाणगंगा न.पा.– १०**

**अध्यक्षः राम बहादुर थारु, फोन नं. ५८४७२०४४५१**

बागमती प्रदेश सरकार

संस्कृति तथा पर्यटन मन्त्रालय

**पर्यटन विकास आयोजना इकाई कार्यालय काठमाडौंको**

सम्झौताका लागि सम्पर्क गर्न आउने बारेको

**अत्यन्त जरुरी सूचना**

**प्रकाशित मिति २०८२/१२/०१ गते**

यस आयोजना कार्यालयको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम "पर्यटन प्रवर्धन तथा पूर्वाधार विकास कार्यक्रम" अन्तर्गत यस प्रदेशका काठमाडौं, ललितपुर, भक्तपुर, नुवाकोट, रसुवा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र दोलखा जिल्लामा विनियोजन भएका योजनाहरू कार्यान्वयनका लागि सम्बन्धित स्थानीय सरोकारवालाहरूसँग सम्झौता गर्नुपर्ने भए तापनि हालसम्म कतिपय सरोकारवालाहरू यस कार्यालयमा सम्पर्क गर्न नआएको देखिएको छ ।

अतः स्वीकृत कार्यक्रम तथा योजनाहरू समयमै कार्यान्वयन तथा सम्पन्न गर्ने उद्देश्यले सम्बन्धित सबै सरोकारवालाहरूलाई मिति २०८२ साल चैत्र २५ गतेभित्र योजना सम्झौताका लागि आवश्यक कागजातसहित यस कार्यालयमा उपस्थित भई सम्झौता सम्पन्न गर्न यो सूचना मार्फत अनुरोध गरिन्छ । तोकिएको समयभित्र सम्झौता गर्न नआएको अवस्थामा सम्झौता नभएका योजनाहरूको सम्बन्धमा यस कार्यालयले संस्कृति तथा पर्यटन मन्त्रालयको निर्देशनानुसार एवम् प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

*(थप जानकारीका लागि यस आयोजनाका सूचना अधिकारी श्री राजेश श्रेष्ठ (मोबाइल नं.९८५१३२९०८५) लाई सम्पर्क गर्न सकिनेछ ।*

**कार्यालय प्रमुख**


## आजको राशिफल

**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, ०१ चैत, २०८२

**मेष** रोकिएका काम बन्ने छन् । भगवान सूर्यदेवलाई जल अर्पण गरि दिनको सुरुवात गरेमा शुभ फल मिल्नेछ ।

**वृष** खर्छ बढ्ने योग रहेको छ । महादेवको ध्यान गरेमा पारिवारिक कलहबाट बच्न सकिन्छ ।

**मिथुन** आम्दानीको नयाँ स्रोत फेला पर्नेछ । हरियो वस्त्रको प्रयोगले शुभत्त्वमा वृद्धि हुने छ ।

**कर्कट** सामाजिक प्रतिष्ठा बढ्नेछ। सोमनाथको ध्यान गर्नाले चिन्ता हटेर जानेछन् ।

**सिंह** भाग्यले साथ दिनेछ । पिता र पितृको स्मरण गरेमा बाधा हटेर जानेछ।

**कन्या** वास्थ्यमा समस्या देखा पर्न सक्छ । अश्विनी कुमारको स्मरण गरेमा कष्ट दूर हुने छ ।

**तुला** दाम्पत्य जीवन सुखद रहनेछ । स-साना बालबालिकालाई मिठाइ दिनु लाभप्रद हुनेछ ।

**वृश्चिक** शत्रु परास्त हुने छन् । हनुमान चालिसाको पाठ गर्नाले सहासमा वृद्धि हुनेछ ।

**धनु** बौद्धिक क्षमतामा वृद्धि हुनेछ । केशर चन्दनको टीका लगाएमा लाभ मिल्नेछ ।

**मकर** आमाको स्वास्थ्यमा ध्यान पुर्याउनु होला । अष्ट चिरञ्जीवीको नाम लिएमा कष्ट हटेर जानेछन् ।

**कुम्भ** पराक्रम बढेर जानेछ । चराचुरुङ्गीलाई चारो हाल्नाले विघ्न हटेर जानेछ ।

**मीन** धन संचित हुनेछ । कुलदेवताको स्मरण गरि अघि बढेमा कार्य सम्पन्न हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ६६१२२६६ |
| मानसिक अस्पताल | ४३६३४५२/४३६०८८९ |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४४८०१७० |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४७८४८४०/४७८५१५७ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४३५४५३७/४३८१९६२ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४२५८५५२/४२५८५५१ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४१११६०५/४४२०८२३ |
| | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०१ चैत, २०८२ (१५ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४६.९७ | १४७.५७ |
| युरो | १ को | १७०.५३ | १७१.२३ |
| पाउन्ड स्टिर्लङ | १ को | १९७.५१ | १९८.३१ |
| स्विस फ्रैन्क | १ को | १८८.७५ | १८९.५२ |
| अस्ट्रेलियन डलर | १ को | १०५.३० | १०५.७३ |
| क्यानाडियन डलर | १ को | १०८.३१ | १०८.७५ |
| सिङ्गापुर डलर | १ को | ११५.४८ | ११५.९५ |
| जापानी येन | १० को | ९.२८ | ९.३२ |
| चिनियाँ युआन | १ को | २१.४० | २१.४९ |
| साउदी अरब रियाल | १ को | ३९.१६ | ३९.३२ |
| कतारी रियाल | १ को | ४०.३१ | ४०.४८ |
| थाई भाट | ख १ को | ४.६३ | ४.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.०१ | ४०.१८ |
| मलेसियन रिङेट | १ को | ३७.५३ | ३७.६८ |
| दक्षिण कोरियन वन | १०० को | ९.९८ | १०.०२ |
| स्विडिस क्रोनर | १ को | १६.०० | १६.०७ |
| डेनिस क्रोनर | १ को | २२.८२ | २२.९२ |
| हङकङ डलर | १ को | १८.७८ | १८.८५ |
| कुवेती दिनार | १ को | ४८०.०६ | ४८२.०२ |
| बहराइन दिनार | १ को | ३८९.२२ | ३९०.८१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

**न्यायका लागि प्रदर्शन** | बलात्कारपछि हत्या गरिएकी सुर्खेतकी इनिशा विकलाई न्याय माग गर्दै शनिबार तनहुँको दमौलीमा प्रदर्शन गरिँदै । *तस्बिर: रासस*

# खाद्य स्वच्छतामा कडाइ गर्दै कामपा

## सामुदायिक विद्यालय, अस्पताल क्यान्टिनको अनुगमन तीव्र

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालय र अस्पताल क्यान्टिनको खाद्य स्वच्छतामा कडाइ गर्न थालेको छ । कामपाले उपभोक्तालाई खाद्य स्वच्छता कायम गराउन खाद्य व्यवसायीलाई क्षमता विकासका कार्यक्रम र अनुगमनलाई एकसाथ अगाडि बढाउन थालिसकेको कामपाको खाद्य प्राविधिक भारती अधिकारीले जानकारी दिए ।

अधिकारीका अनुसार क्रममा महानगरपालिका र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संयुक्त टोलीले सामुदायिक विद्यालयका क्यान्टिन र अस्पतालका क्यान्टिनहरूमा अनुगमन नियमितजस्तै गरिरहेको छ । अहिलेसम्ममा पशुपति मित्र माध्यमिक विद्यालय चाबहिलको (जानकी किचेन) क्यान्टिन तथा विद्यार्थीहरूको दिवा खाजा तयार गर्ने भान्सा, श्रम राष्ट्रिय माध्यमिक विद्यालय कुमारीगाल, शिवपुरी माध्यमिक विद्यालय महाराजगञ्जको (नमो फुड

कोड) क्यान्टिन, रत्नराज्य स्कुल बानेश्वरको क्यान्टिन, केएमसी हस्पिटल सिनामंगल (ग्रीन बड्स बेकरी क्याफे) क्यान्टिन, भरोसा अस्पताल बानेश्वरको (सुदूरपश्चिम भोजनालय एण्ड खाजा घर) लगायतका क्यान्टिनको अनुगमन गरीसकेको कामपाको भनाइ छ ।

कामपाले बालबालिकाको स्वास्थ्य, पोषण र दिवा खाजा कार्यक्रमको गुणस्तर सुधार गर्न सामुदायिक विद्यालयका २३ मिल नर्ससहित ४५ जनालाई खाद्य स्वच्छता तथा पोषणसम्बन्धी तालिम दिइसकेको छ । कामपाको खाद्य प्राविधिक अधिकारीका अनुसार खाद्य स्वच्छता अभ्यास, खाद्यजन्य रोगको जोखिम, सुरक्षित खाना हचाण्डलिङ, पोषणयुक्त दिवा खाजाको व्यवस्थापन तथा रोग रोकथाममा स्कुल नर्सको भूमिका तालिमका विषय थिए ।

नेपाल सरकारले आव २०७७/७८ बाट प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्म तथा आव २०७९/८० देखि कक्षा ६ सम्म दिवा खाजा कार्यक्रम गरेको छ । कामपाले कक्षा १० सम्मका विद्यार्थीहरूलाई दिवा खाजा उपलब्ध गराउँछ । अनुगमनका क्रममा कमजोरी सुधारका लागि सुझाव दिने र अखाद्य वस्तुको अनियन्त्रित प्रयोग भएको भेटिएमा सम्बन्धित व्यक्तिको रोहवरमा नष्ट गरीएको छ । विद्यालय क्यान्टिनमा सरसफाइमा लापरवाही रहेको पाइएको छ । कपडा र खाद्यवस्तुसँगै राख्ने गरिएको पाइन्छ । खाद्यवस्तु नछोपी राख्ने, फोहोर फाल्ने भाँडो (डस्टबिन) को समुचित प्रयोग नगर्ने, किचेनको संरचनागत सुधार नगरिएकोजस्ता कैफियत भेटिएको कामपाको भनाइ छ ।

क्यान्टिनमा प्रयोग गरिएको फ्राइड तेलको टिपिएम भ्यालु मापदण्डविपरीतसमेत पाइएको बताइएको छ । खाद्यवस्तु ढाकेर नराख्ने, किचेनको भुइँ व्यवस्थापन र सरसफाइमा ध्यान नदिने, एकै ठाउँमा खाना तयार गर्ने र भाडा माझ्ने, आगो सुरक्षाका उपकरणमा ध्यान नदिने साझा समस्या हुन् ।

# ललितपुर महानगरको अपांगतामैत्री प्रशासनिक भवन सञ्चालन

■ प्रभाव संवाददाता

**ललितपुर**– ललितपुर महानगरपालिकाको अपांगतामैत्री अत्याधुनिक प्रशासनिक भवन सञ्चालनमा आएको छ । ललितपुर-१२ को प्रशासनिक कार्यालयसमेत सञ्चालन हुनेगरी महानगरले निर्माण गरेको 'ब्लक सी' भवन सञ्चालनमा आएको हो ।

महानगरका प्रमुख चिरीबाबु महर्जनले शनिबार एक कार्यक्रमकाबीच उक्त भवन उद्घाटन गरे । यहाँबाट १२ नं वडा कार्यालयसँगै महानगरका दुईवटा महाशाखाले नगरवासीलाई सेवा दिने उनले जानकारी दिए । 'भवन निर्माणका क्रममा धेरै कठिनाइ उत्पन्न भए, मुद्दा मामिलादेखि जग्गाको भोगाधिकारसम्मका विषयलाई हामीले समाधान गरेर यो चरणसम्म सफलता हासिल गर्न सफल भयौं,' उनले भने ।

हालसम्म महानगरले तीन प्रशासनिक र २३ वटा अत्याधुनिक वडा कार्यालय भवन निर्माण सम्पन्न गरेको जनाउँदै महानगरप्रमुख महर्जनले प्रविधिअनुसारको नागरिकमैत्री सेवा प्रवाहका लागि महानगर प्रयासरत रहेको बताए । उनले आगामी दिनमा गुणस्तरीय र प्रभावकारी सेवा प्रवाहमा कुनै पनि कसर बाँकी नराख्ने प्रतिबद्धता जनाए ।

महानगरकी उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले अब वडा नं ५, ९, १४ र १६ सहित पाँचवटा वडा कार्यालय भवन निर्माण हुन बाँकी रहेको जानकारी गराउँदै ती भवन पनि यथाशीघ्र निर्माण गर्नेतर्फ महानगर केन्द्रित रहेको बताइन् । उनले वडा नं ५ को भवन निर्माणका लागि जग्गा प्राप्तिको कार्य सम्पन्न भइसकेको जानकारी गराइन् । सेवा प्रवाहको हिसाबले यो भवन नागरिकका लागि अत्यन्तै महत्त्वपूर्ण भएको भन्दै उनले धेरै कानुनी अवरोध सामना गर्दै समयमा भवन निर्माण सम्पन्न गरेर सेवा प्रवाह गर्ने अवस्थामा आएकामा खुसी व्यक्त गरिन् ।

ललितपुरका जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले यो अत्याधुनिक भवन निर्माणले सुशासन कायम राख्दै सरकारी मूल्य मान्यता र स्वचालित सेवा प्रवाहलाई प्रभावकारी बनाउने विश्वास व्यक्त गरे । उनले यहाँका सबै कर्मचारी तथा सरोकार भएका निकायले सुशासन कायम राखेर नागरिकलाई सेवा दिने र उपलब्धिमूलक नतिजा ल्याउनेमा आफू विश्वस्त रहेको बताए । उनले समुदायस्तरबाट ठूलाठूला मठमन्दिर निर्माण भएका स्मरण गर्दै महानगरले नागरिकको सेवामा गरेको पहल उदाहरणीय रहेको धारणा राखे ।

प्रमुख प्रशासकीय अधिकृत रेखादास श्रेष्ठले ललितपुर महानगरले उत्कृष्ट कार्य सम्पादन गर्नेतिर ध्यान दिएको र नागरिकको सेवाको सर्वोपरि हितलाई ध्यान दिँदै महानगरले आफ्नो कार्यहरू अगाडि बढाइरहेको जानकारी गराए । उनले विगतमा निर्माण भएका भवनहरू अहिले पर्याप्त नभएकाले सेवाग्राहीको सहजतालाई केन्द्रमा राखेर प्रशासनिक संरचना निर्माण गरिएको उल्लेख गरे ।

दुई हजार २४४.४१ वर्गमिटर क्षेत्र रहेको छतले भवनको पहिलो तलामा वडा कार्यालय र त्यसभन्दा माथि महानगरका महाशाखाहरू सञ्चालनमा आउने जनाइएको छ । महागरको पूर्वाधार महाशाखा प्रमुख प्रदीप पौडेलले दिएको जानकारीअनुसार २४ महिनाभित्र ११ करोड ९५ लाख रूपैयाँमा निर्माण सम्पन्न हुनेगरी २०७९ असार १३ गते सम्झौता भएको उक्त भवन निर्माणका क्रममा विभिन्न कानुनी झमेलाका कारण पटक-पटक म्याद थप गरी हालै निर्माण सम्पन्न भएको हो ।

# बहुपक्षीय सहकार्य विस्तारमा नेपालको जोड

**काठमाडौं**– अल्पविकसित मुलुक समूहका अध्यक्ष तथा संयुक्त राष्ट्रंघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले बहुपक्षीय सहकार्यलाई अघि बढाउन तथा विकासका दृष्टिले सबैभन्दा पछाडि परेका देशहरूका लागि विकास उपलब्धि सुनिश्चित गर्न संयुक्त राष्ट्रसंघ अपरिहार्य रहेको बताएका छन् ।

न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगका अनुसार राजदूत थापाले कार्यादेश कार्यान्वयन समीक्षासम्बन्धी अनौपचारिक तदर्थ कार्यसमूहका सहअध्यक्षहरूसँग आयोजित राजदूतस्तरीय बैठकमा उनले उक्त धारणा व्यक्त गरेका हुन् । बैठकमा उनले कार्यादेश कार्यान्वयन प्रक्रियाप्रति अल्पविकसित मुलुक समूहको पूर्णसमर्थन रहेको पुनः दोहोऱ्याउँदै संयुक्त राष्ट्रसंघभित्र गरिने सुधारहरूले यसको विकाससम्बन्धी स्तम्भलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए ।

राजदूत थापाले पर्याप्त स्रोतसाधन सुनिश्चित गर्न तथा कार्यादेशको प्रभावकारी कार्यान्वयन गर्न तथा अल्पविकसित मुलुकहरूका लागि मापनयोग्य उपलब्धि हासिल गर्न आवश्यक भएको बताए । उनले अल्पविकसित मुलुक, विकासशील मुलुक तथा साना विकासशील टापु राष्ट्रहरूका लागि संयुक्त राष्ट्रंघीय उच्च प्रतिनिधिको कार्यालयले दोहा कार्ययोजना कार्यान्वयनलाई अघि बढाउन तथा विश्वका सबैभन्दा कमजोर राष्ट्रहरूको विकास प्राथमिकतालाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेकामा त्यसको सराहना गरेको नियोगले जनाएको छ । *रासस*


## Sunawarshi Municipality
## Office Of The Municiple Executive
**Dainiya, Morang**
**Koshi Province**

## Invitation For Sealed Quotation

**Published Date: 2082/12/01 (Mar. 15Th, 2026)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites electronics bids from eligible bidder for the procurement of the following Goods under Sealed quotation procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/KRISI/ 082/83-03 | Krishak harulai 50% anudanma yantrikaran | 1988000/- | 50,000.00/- | 1,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunawarshimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138** & For Bid Security **SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178),** Rajaswa **(revenue) Shirshak No :14229**
4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of sunawarshi Municipality Dainiya Morang by Eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or Before 2082/12/15 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before 12:00 noon on 2082/12/16. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Chaitra, 16, 2082 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 45 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**



**युएइमा रोजगार** | कम्पनी : AL HASHEM MARBLE - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | LT. No. 339799 | चलानी नं. ६०२५३४०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | मासिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Auto Body Denter | 2 | 0 | 1900 | ७६,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 2 | 0 | 1900 | ७६,५०५ | | | | | | | |
| 3. | Civil Engineers | 3 | 0 | 6400 | २,५७,७०३ | | | | | | | |
| 4. | Construction Labours | 17 | 0 | 1600 | ६४,४२५ | | | | | | | |
| 5. | Construction Supervisor | 3 | 0 | 6400 | २,५७,७०३ | | | | | | | |
| 6. | Demolition Of Building Labour | 6 | 0 | 1400 | ५६,३७३ | | | | | | | |
| 7. | Drilling And Boring Machine Operator | 1 | 0 | 1900 | ७६,५०५ | | | | | | | |
| 8. | Drilling Operator | 16 | 0 | 1900 | ७६,५०५ | | | | | | | |
| 9. | House Builder | 1 | 0 | 1600 | ६४,४२५ | | | | | | | |
| 10. | Insulation Worker | 15 | 0 | 1900 | ७६,५०५ | | | | | | | |
| 11. | Light Vechile Driver | 1 | 0 | 1900 | ७६,५०५ | | | | | | | |
| 12. | Ordinary Labor | 1 | 0 | 1400 | ५६,३७३ | | | | | | | |
| 13. | Sales-man | 1 | 0 | 1900 | ७६,५०५ | | | | | | | |
| 14. | Sewage Pipelayer | 2 | 0 | 1900 | ७६,५०५ | | | | | | | |
| 15. | Steal Fixer | 2 | 0 | 1900 | ७६,५०५ | | | | | | | |
| 16. | Tile Layer | 2 | 0 | 1900 | ७६,५०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ८ गते (22nd March 2026) मा हुनेछ ।**

| स्वदेशमा बसिरहे पि.सि.भिकल सर्व गराएर आवे र छनि आवे | रोजगार कम्पनिले सेटिकल सर्व दिने / बसिने | स्वदेशमा बसिरहे बिमा सर्व गराएर व्यहोर्ने र छनि लाग्ने | रोजगारमा बिमा हुने/बसुने र कराएर व्यहोर्ने | हवाई टिकट कराएर दिने र छनि लाग्ने | भिसा शुल्क कराएर दिने र छनि लाग्ने | सामाजिक सुरक्षा कोष कराएर दिने र छनि लाग्ने (सरकारको) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क छनि लाग्ने र कराएर व्यहोर्ने | भिसा स्टम्पिङ शुल्क कराएर व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने : रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २२५ / - कामदारले तिर्ने | रु. १,५०० / - कामदार आफैले | नि:शुल्क | रु. २७०० / - कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट मान्यताप्राप्त आकर्षक** १) आफ्नो नामबा बिमा प्राप्त भई जाने निश्चित भएपछि मात्र कागजैमा राई रकम बुझाउनु होला । फुकाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकका सोको नेपाली कुटनैतिक निवेशको सम्पर्क ठेगाना र फोन नम्बरहरु सापमा राख्नुहोला । आफू बोटाएमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (भुक्तानी उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, मोसो एजेन्सीले प्रयोग गर्नुहोला अन्यथा ठ्रिगने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही जुम्रुत पर्ना वैदेशिक रोजगार विभाग तालफनमा सम्पर्क गर्नुहोला ।

**SECURE NEPAL JOB PLACEMENT PVT . LTD**
श्रम इजाजत नं. १६.४८ - ०९० / ०८२
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com



## गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
**धुम्बाराही, चण्डोल काठमाडौं**
**फोन नं. ०१-४५२८९६६, ०१-४५३४०६६**

## कर्जा चुक्ता गर्ने सम्बन्धीत १५ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/१०/१६ गते**
**दोस्रो पटक प्रकाशित मिति: २०८२/१२/०१ गते**

यस संस्थाको तपसिलमा उल्लेखित सदस्यले मिति २०७५/०१/२५ गतेको कर्जा नं. HPL 634 र २०७६/१०/१५ गतेको कर्जा नं. HPL 677 को हायर पर्चेज ऋण (कर्जा) शिर्षक अन्तर्गत ऋण लिँदा संस्थासंग गरेको सर्त सम्झौता बमोजिम समय-समयमा बुझाउनु पर्ने साँवा, व्याज लगायतका रकमहरु नतिरी नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धी सर्त बन्देजहरु उल्लंघन गरेकाले संस्थाको सम्पूर्ण ऋण रकम चुक्ता गर्न पटक-पटक मौखिक एवं लिखित रूपमा ताकेता गर्दा समेत नतिरी, नबुझाई संस्थाको कर्जा चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा ऋण (कर्जा) चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएकोले मितिले १५ दिन भित्र संस्थामा तिर्न बुझाउनु पर्ने ऋण र सोसँग सम्बन्धित सम्पूर्ण रकम भुक्तान गर्नुहोला । सूचनामा तोकिएको म्याद भित्र संस्थालाई तिर्न बुझाउनु पर्ने सावाँ, व्याज, हर्जना लगाएतका रकम नबुझाएमा सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र संस्थाको ऋण नीति २०७९ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम धितो सुरक्षणमा दिएको तपसिलको सवारी साधन लिलाम बिक्रीबाट असुल उपर गरिने छ सो बाट असुल उपर हुन नसकेको रकम तपाई ऋणी र जमानीको अन्य चल अचल श्री सम्पत्तिबाट सहकारीको ऋण असुली सम्बन्धमा प्रचलित कानुन बमोजिम गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । अन्य थप जानकारीका लागि संस्थामा सम्पर्क राख्नुहोला ।

**तपसिल**

| ऋणीको विवरण | ऋणीको फोटो | जमानीकर्ता | धितोको विवरण |
|---|---|---|---|
| **नाम: मनोज चौधरी**<br>बाबु: महेन्द्र चौधरी<br>बाजे: काली चौधरी<br>ठेगाना: सर्लैही जिल्ला साविक पीडरिया गा.वि.स वडा न.पा.४ हाल परिवर्तित कविलासी गा.पा २<br>हालको ठेगाना: का.जि.गोकर्णेश्वर नगरपालिका वडा नं. ५ नयाबस्ती<br>ना.प्र.नं.१९३०६२/४८ सर्लाही<br>जारी मिति: २०६३/१२/२१ | | **नाम: जीतेन्द्र चौधरी**<br>ठेगाना: सर्लाही जिल्ला पडरीया गा.वि.स वडा न.पा. ४ परिवर्तित कविलासी गा.पा.२<br>**नाम: मनोज कुमार चौधरी**<br>ठेगाना: सर्लाही जिल्ला पडरीया गा.वि.स वडा न.पा.५ हाल परिवर्तित कविलासी गा.पा १<br>हालको ठेगाना: का.जि.गोकर्णेश्वर नगरपालिका वडा नं.५ नयाँबस्ती | MAHINDRA MAHINDRA BOLERO CAMPER<br>सेतो रङ भएको गाडी नं. बा ९ च ७५४८<br>इन्जिन नं.GGCLC85358<br>च्यासिस नं. MA12C4GGAC1C24129<br>MAHINDRA MAHINDRA PICKUP<br>इन्जिन नं.GHD1G44607<br>च्यासिस नं. MA1ZL4GHK1G55418<br>गाडी नं. बा 10 च 9971<br>बनेको साल: 2013 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मध्यपूर्वको राप र श्रमिकको सन्ताप

**मध्यपूर्वमा इजरायल र इरानबीच चर्किएको द्वन्द्वले त्यहाँ कार्यरत करिब १७ लाख नेपाली श्रमिकहरूको सुरक्षा र भविष्यमाथि गम्भीर प्रश्नचिह्न खडा गरिदिएको छ । एकातिर युद्धको भौतिक जोखिम र अर्कोतिर रोजगारी गुम्ने त्रासले नेपाली श्रमिकहरू दोहोरो मारमा परेका छन् । विडम्बनाको कुरा, सरकारले 'अवस्था चिन्ताजनक छैन' भन्दै गैरजिम्मेवार स्पष्टीकरण दिइरहँदा, कार्यथलोमा रहेका श्रमिकहरू भने बम र मिसाइलको छायामा त्रसित जीवन बिताउन बाध्य छन् ।**

**अहिलेको मुख्य समस्या सरकारको सूचना र स्थलगत यथार्थबीचको खाडल हो । श्रम अधिकारकर्मीहरूका अनुसार, युद्धग्रस्त क्षेत्रमा रहेका श्रमिकहरूलाई आपत्कालीन अवस्थामा कहाँ जाने वा कसरी सुरक्षित हुने भन्ने सामान्य जानकारीसमेत छैन । स्थानीय नागरिकका लागि सुरक्षाका पर्याप्त उपाय र 'सेफ्टी मेसिनरी' परिचालन गरिएको भए पनि आप्रवासी श्रमिकहरूलाई भने दोस्रो दर्जाको व्यवहार गरिएको छ । आफ्नै सुरक्षाको सूचना पाउने र अभिव्यक्त गर्न पाउने अधिकारमाथि लगाइएको अघोषित प्रतिबन्धले उनीहरूलाई थप 'प्यानिक' बनाएको अधिकारकर्मीहरूको भनाइ छ ।**

**त्यस्तै, खाडी मुलुकहरूमा व्याप्त 'कफला' प्रणालीले श्रमिकहरूलाई 'आधुनिक दासता'को जञ्जिरमा बाँधेको छ । ज्यान जोगाउन स्वदेश फर्किन चाहनेहरूलाई पनि कम्पनी छोड्दा चोरी वा अन्य झूटा आरोप लगाएर जेल पठाउने वा डिपोर्ट गर्ने धम्की दिइनु अमानवीय छ । सरकारले कूटनीतिक च्यानलमार्फत हाम्रा श्रमिकको सहज फिर्ती र बाँकी रहेको पारिश्रमिकको सुरक्षाका लागि सम्बन्धित देशसँग अविलम्ब वार्ता गर्नुपर्छ ।**

**नेपालको अर्थतन्त्र रेमिटचान्समा टिकेको छ । मध्यपूर्वमा आउने सानो परकम्पले पनि नेपालको वैदेशिक विनिमय सञ्चिति र भुक्तानी सन्तुलनमा ठूलो धक्का पुऱ्याउँछ । वार्षिक पाँच लाख नयाँ श्रमशक्ति बजारमा आउने देशमा वैदेशिक रोजगारीको ढोका थुनिनु भनेको आन्तरिक बेरोजगारीको विष्फोट हुनु हो । यसका साथै, पेट्रोलियम पदार्थ र खाद्य आपूर्तिमा पर्न सक्ने सम्भावित संकटलाई ध्यानमा राख्दै सरकारले अत्यावश्यक वस्तुको मौज्दात बढाउनु जरुरी छ ।**

**अतः सरकारले केवल 'अवस्था सामान्य छ' भनेर टार्नुभन्दा पनि प्रत्येक नेपालीको जीवन रक्षालाई प्राथमिकतामा राख्नुपर्छ । युद्धको चपेटामा परेकाहरूको तत्काल उद्धार, कफला प्रणालीको मारमा परेकाहरूको कानुनी सुरक्षा र स्वदेश फर्कनेहरूको पुनःस्थापनाका लागि ठोस कार्ययोजना ल्याउन अब ढिला गर्नु हुँदैन । नागरिकको ज्यानभन्दा रेमिटचान्स ठूलो हुन सक्दैन ।**

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

#### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

#### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

#### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

#### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

#### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# वायु प्रदूषणको प्रभाव र न्यूनीकरण गर्ने उपाय

❑ गम्भीरबहादुर हाडा

> "जनसंख्या वृद्धि तथा अत्यधिक मात्रामा प्राकृतिक स्रोतहरूको दोहन, सम्बन्धित निकायहरूको एक आपसमा समन्वय अभावका कारण गरिने विकास निर्माणका क्रियाकलापहरू, आधुनिक प्रविधिको जथाभावी प्रयोग, वनजंगल विनास, औधौगिकीकरण, अव्यवस्थित सहरीकरण, फोहोरमैलाको उचित प्रबन्ध नगरिनुलगायतका कारणले वायु प्रदूषण बढेको देखिन्छ । सरकारले सम्बन्धित ऐन कानुनको कार्यान्वयननमा जोड नदिनु, सवारीसाधन दर्ता प्रक्रिया पूरा गरी 'ग्रिन स्टिकर' प्रदान गरिसकेपश्चात् पटक-पटक चेकजाँच नगराइनु तथा अत्यधिक पुराना सवारीसाधनलाई अनुगमनको अभावमा सडकमै गुड्न दिनु पनि वायु प्रदूषणका कारण हुन् ।"

वायु प्रदूषण आज विश्वको टाउको दुखाइको विषय बनेको छ । नेपाल पनि यसबाट प्रभावित छ । विभिन्न उद्योगबाट निस्केका खनिज कणहरू र आणविक भट्टीहरूबाट निस्कने रेडियोधर्मी किरणहरू आदिका सम्मिश्रणको कारणले गर्दा वायु प्रदूषण उत्पन्न हुने गर्दछ । आजभन्दा ३०० वर्ष पहिले वैज्ञानिक जोन इभलिनले कोइलाका अधिक प्रयोगबाट वायु प्रदूषण निम्तने र त्यसबाट मानिसहरूको श्वासप्रश्वाससम्बन्धी रोगले मृत्यु हुने, धूलो वायुमण्डलबाट कुनै पनि ठाउँमा झर्न सक्ने, कुनै पनि वस्तुमा घर्षण भई वस्तु खुइलिएर जाने र कालो धुँवाको बादलको कारणले सौर्य शक्ति पनि कम हुने सम्भावना औंल्याएका थिए ।

यसै कुरालाई २०औं शताब्दीमा अध्ययनको मुख्य विषयवस्तु पनि बनाइयो र यसप्रकारका असरहरू पनि प्रशस्तै देखिए । आज २१औं शताब्दीको सुरुआतमा पनि यसको अध्ययन आवश्यक भइरहेकै छ । वायु प्रदूषणको असर सर्वप्रथम सन् १९३० मा बेल्जियमको म्युम भ्यालीमा देखिएको थियो । त्यसपछि कुमस संयुक्त राज्य अमेरिकाको पन्यु सोलभानिया राज्यको मानोकाहैला नदीमा सन् १९४८ लण्डनमा सन् १९५२ मा देखियो । यी सबै प्रकारका वायु प्रदूषणबाट मानिसहरूको मृत्यु भएको थियो । वायु प्रदूषणबाट पृथ्वीको सतहभन्दा करिब ६० किलोमिटर माथि रहेको ओजोन तहलाई पनि प्रभावित पारेको बताइन्छ ।

प्राकृतिक र मानवीय कारणले गर्दा काठमाडौं उपत्यकामा वायु प्रदूषणको प्रभाव अन्य सहरहरूमाभन्दा बढी हुने गर्दछ । कचौराजस्तो भौगोलिक भू-वनोटले गर्दा उपत्यकाभित्र जम्मा भएका वायु प्रदूषकहरूलाई हावाले सजिलै बाहिर लान सक्दैन । जाडोयाममा त यो समस्या झन् जटिल हुन्छ, किनभने जाडोयाममा राति र बिहानीपख उपत्यकाको सतहनिर चिसो हावाको एक तह बन्छ जसलाई तातो हावाको अर्को तहले ढकनीले जस्तै छोपेर राखेको हुन्छ । यसलाई वैज्ञानिक भाषामा इन्भर्सन भनिन्छ । यसले गर्दा जाडोयाममा प्रदूषकहरू जमिनको सतहनजिक नै बसिरहन्छन् र वायु प्रदूषण अत्यधिक मात्रामा बढ्छ । वायु प्रदूषण बढी हुनुको अर्को कारण यहाँको उचाइ पनि हो । एक हजार ३०० मिटरदेखि एक हजार ३५० मिटरसम्मको उचाइमा अवस्थित काठमाडौं उपत्यकामा गाडीहरूले अन्य कम उचाइ भएका ठाउँभन्दा साधारणतया बढी धुँवा फाल्ने गर्दछ । काठमाडौंको मौसमले पनि वायु प्रदूषण बढाउन सहयोग पुऱ्याइरहेको छ । वर्षाले हावामा भएका प्रदूषकहरू पखाल्ने गर्दछ । तर काठमाडौंमा करिब तीन महिनामात्र राम्ररी पानी पर्ने हुनाले पानी नपर्ने समयमा वायु प्रदूषण बढी हुने गर्दछ ।

डिजेलबाट चल्ने सवारीसाधनहरूको धुँवा एकदमै खतरनाक हुने गर्दछ । यो धुँवामा मसिना धूलाका कणहरू अत्यधिक पाइन्छ र यी कणहरूमध्ये ९० प्रतिशतजति एक माइक्रोनभन्दा मसिना हुन्छन् । डिजेलको धुँवामा यस्ता धूलाका कणहरू पेट्रोलको धुँवाको तुलनामा १०० गुणा बढी हुन्छ । यस्ता धूलाका कणहरूले मान्छेको फोक्सोमा क्यान्सर निम्त्याउन सक्छन् । सन् १९९७ मा जापानी वैज्ञानिकहरूले क्यान्सर रोग निम्त्याउन सक्ने अहिलेसम्म पत्ता लागेका रसायनहरूमध्ये सबैभन्दा खतरनाक पदार्थ डिजेलबाट निस्कने धुँवामा पाए ।

काठमाडौंको परिवेष्ठित वायुको गुणस्तरअनुसार कूल सस्पेण्डेड कण र १० माइक्रोनका पार्टिकुलेट म्याटरबाहेक अरु आधारभूत प्रदूषकहरू विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डभित्र रहेका छन् । उपत्यकाको वायुमण्डलको कूल सस्पेण्डेड कणसम्बन्धी तथ्यांकअनुसार वर्षाको समयमाभन्दा हिउँदमा बढी प्रदूषण हुने गरेको छ । वायु प्रदूषण गराउनमा उद्योगहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । औद्योगिक प्रदूषण नियन्त्रण एवं व्यवस्थापन परियोजनाद्वारा सम्पन्न गरिएको औद्योगिक प्रदूषणसम्बन्धी सर्वेक्षणअनुसार वायु प्रदूषण गर्ने कूल तीन हजार १५६ उद्योगले प्रतिवर्ष ७६ हजार ४०० टन कूल सस्पेण्डेड कणहरू फयाँक्ने गर्दछन् ।

विश्व स्वास्थ्य संगठनकाअनुसार भारतको राजधानी नयाँ दिल्ली विश्वकै सबैभन्दा प्रदूषित सहर हो । ११ देशका एक हजार ६०० सहरमा गरिएको एक सर्वेक्षणमा दिल्लीको हावामा पिएम २.५ (सासभित्र जाने पार्टिकुलुटम्याटर) को मात्रा निकै पाइएको छ । दिल्लीमा यो १४३ माइक्रो ग्राम प्रतिघनमिटर छ । यो नयाँ प्रतिवेदनको नाम 'ऐम्बिएन्स एयर पोलुसन' राखिएको छ । प्रतिवेदनमा साढे एक हजार देशको वायु प्रदूषणको स्थिति तथा असरबारे विस्तृतरूपमा जानकारी दिइएको छ ।

विश्व स्वास्थ्य संगठनले २.५ पिएमको बढ्दो स्तरमा चिन्ता व्यक्त गर्दै भनेको छ- पिएम २.५ को कन्स्ट्रक्सन प्रतिघनमिटर १० माइक्रो ग्रामभन्दा बढी हुनु हुँदैन । एसियाको घना आवाधी भएको सहरमा पनि तुलनात्मक हिसाबमा कम वायु प्रदूषण छ । पाकिस्तानको कराँचीमा पिएम २.५ को ११७ माइक्रो ग्राम प्रतिघनमिटर छ भने चीनको राजधानी बेइजिङमा ५६ र सांघाईमा ३६ रहेको छ । यो प्रतिवेदनले स्पष्टरूपमा दिल्लीमा प्रदूषण कम गर्न आवश्यक कदम तत्काल नचाल्ने हो भने रोगहरू फैलने चेतावनी दिएको छ ।

स्विस जलवायु समूह आइक्युएयरले सन् २०२३ मा १३४ देशमा गरेको अनुगमनमा सबैभन्दा खराब वायु गुणस्तर बंगलादेशको थियो । त्यसबाहेक प्रतिवेदनमा समग्र दक्षिण एसिया विश्वमा सबैभन्दा खराब प्रदूषणबाट ग्रस्त रहेको भनिएको छ । प्रतिवेदनमा पाकिस्तान र भारत वायु प्रदूषणका हिसाबले हाराहारीमा छन् । प्रदूषणबारे प्रतिवेदनका केही अन्तर्दृष्टि यहाँ उल्लेख गरिएको छ, जसले हामीलाई दक्षिण एसियाली देशका सरकारबारे बताउँछ ।

प्रतिवेदनले विश्वभरका सात हजार ८१२ सहरबाट पिएम २.५ वायु गुणस्तर तथ्यांकको एक सिंहावलोकन प्रदान गर्छ । पिएम २.५ भन्नाले २.५ माइक्रोन वा सोभन्दा सानो व्यास भएको सूक्ष्म कणलाई जनाउँछ । यी मानव श्वासप्रश्वास प्रणालीको गहिराइमा पुग्न सक्ने भएकाले खतरनाक हुन्छन् । यी कण प्राकृतिक घटना, जस्तैः धूलो, तुफान, डढेलो, कोइला जलाउँदा वा कृषिजन्य कार्बनजस्ता मानव गतिविधिले गर्दा उत्पन्न हुन्छ ।

विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) को दिशानिर्देशअनुसार पिएम २.५ को औसत वार्षिक स्तर प्रतिघनमिटर पाँच माइक्रो ग्रामभन्दा बढी हुनुहुँदैन । तथापि, प्रतिवेदनमा सूचीबद्ध १० देशलेमात्र यो मानक पूरा गरेका छन् । तिनमा फ्रान्सेली पोलिनेसिया, न्युजिल्याण्ड, फिनल्याण्ड र इस्टोनियालगायत विश्वको सबैभन्दा स्वच्छ हावा भएको मुलुक समावेश छन् । बंगलादेशको पिएम २.५ स्तर ७९.९ माइक्रो ग्राम प्रतिघनमिटर छ, जुन विश्व स्वास्थ्य संगठनले स्वस्थ भनेर सिफारिस गरेकोभन्दा झण्डै १६ गुणा बढी हो । गत वर्षको तुलनामा पाकिस्तानमा ७३.७ र भारतको हावामा ५४.४ माइक्रो ग्राम पिएम २.५ कण प्रतिक्युविक मिटर थियो ।

काठमाडौं बेलाबेलामा विश्वकै सबैभन्दा बढी प्रदूषणयुक्त सहर बन्दै आएको छ । आधिकारिक रूपमा वायु प्रदूषणका कारण नेपालमा पछिल्लो समय परेको वित्तीय भारको विषयमा अध्ययन हुन नसके पनि वायु प्रदूषणका कारण प्रत्यक्ष तथा अप्रत्यक्ष गरी नेपालमा १३० मिलियन अमेरिकी डलर (करिब एक खर्ब ३० अर्ब रूपैयाँ) नोक्सानी भएको विश्व बैंकको सन् २०१५ को तथ्यांकले देखाएको छ । सन् २०३० सम्ममा नेपालमा वायु प्रदूषणको वित्तीय भार २५६ मिलियन अमेरिकी डलर (करिब तीन खर्ब) पुग्ने विश्व बैंकको अनुमान छ । वनजंगलमा लाग्ने डढेलो, कृषकले खेतबारीमा जलाउने कसिंगर, धूलो धुँवा र पश्चिमी तथा पूर्वीय वायु सक्रिय हुन नसक्दा काठमाडौंमा प्रदूषण बढ्दै गइरहेको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) का उपकुलपति तथा वातावरणविद्ले बढ्दै गएको वायु प्रदूषणका कारण मानव स्वास्थ्यमा पर्ने असर तथा सेवा प्रभावित हुँदा आर्थिक क्षति पनि बढ्ने गर्छ भनेका छन् । बढ्दो प्रदूषणका कारण मानव स्वास्थ्यमा नकारात्मक असर पर्ने, कामकाजमा असर गर्ने, भिजिबिलिटी कम हुँदा विमान उडानमा प्रभावका कारण यसले आर्थिक क्षति पनि बढाइरहेको वातावरणविद्हरूको भनाइ छ । प्रदूषणका कारण नेपालको आर्थिक भार बढ्दै जाने भन्दै उनीहरूले चिन्ता व्यक्त गरेका छन् । प्रदूषण न्यूनीकरणमा राज्यले लगानी बढाउनुपर्नेमा सरोकारवालाको जोड रहँदै आएको छ ।

वन डढेलो, सवारीसाधनले फचाँक्ने धुँवा, जथाभावी बालिने फोहोर, उद्योगको धुँवा आदिका कारण वातावरणीय प्रदूषण भइरहेको छ । प्रदूषणका कारण मानव स्वास्थ्यमा मात्र नभई हामीलाई आर्थिक रूपमा पनि क्षति भएको छ । यसले मुलुकको आर्थिक भार बढाउँदै लैजाने छ । वातावरणीय प्रदूषण न्यूनीकरणको क्रियाकलापलाई समयमा नै अपनाई राज्यले लगानी बढाउनुपर्ने आवश्यकता छ । वातावरणले मुलुकको अर्थतन्त्रमा पार्ने असरको विषयमा विस्तृत अध्ययन गर्न आवश्यक रहेको छ ।

डढेलोविद्ले पनि १ देखि २७ मार्चसम्म देशभर ३०९ वटा आगलागीका घटना भएको भन्दै यसको धुँवाले प्रदूषण बढाउने बताएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकाअनुसार वायु प्रदूषणका कारण विभिन्न रोगबाट नेपालमा प्रत्येक वर्ष करिब ४२ हजार मानिसले ज्यान गुमाउने गरेका छन् । त्यसैगरी विश्व बैंकको अध्ययनअनुसार वायु प्रदूषणकै कारण नेपालमा बर्सेनि कूल गार्हस्थ उत्पादनको ४.७ प्रतिशत नोक्सान भइरहेको छ ।

काठमाडौं उपत्यकामा झण्डै ७२ प्रतिशत मुटुको समस्या वायु प्रदूषणकै कारण हुने गरेको पाइएको छ । प्रदूषणका कारण दमका रोगी, फोक्सोको क्यान्सर १४ प्रतिशत बढेको पाइएको छ । वायु प्रदूषणले दमखोकीका बिरामीको अस्पताल भर्ना हुने दरमा १.३ प्रतिशत, निमोनियाबाट भर्ना हुनेमा ३.४ प्रतिशत बढेको छ भने श्वासप्रश्वाससम्बन्धी रोगबाट मृत्यु हुने दर ३.६ प्रतिशतले बढेको अनुसन्धानबाट देखिएको छ ।

## छवायु प्रदूषणका कारणहरु

जनसंख्या वृद्धि तथा अत्यधिक मात्रामा प्राकृतिक स्रोतहरूको दोहन, सम्बन्धित निकायहरूको एक आपसमा समन्वय अभावका कारण गरिने विकास निर्माणका क्रियाकलापहरू, आधुनिक प्रविधिको जथाभावी प्रयोग, वनजंगल विनास, औधौगिकीकरण, अव्यवस्थित सहरीकरण, फोहोरमैलाको उचित प्रबन्ध नगरिनुलगायतका कारणले वायु प्रदूषण बढेको देखिन्छ । सरकारले सम्बन्धित ऐन कानुनको कार्यान्वयननमा जोड नदिनु, सवारीसाधन दर्ता प्रक्रिया पूरा गरी 'ग्रिन स्टिकर' प्रदान गरिसकेपश्चात् पटक-पटक चेकजाँच नगराइनु तथा अत्यधिक पुराना सवारीसाधनलाई अनुगमनको अभावमा सडकमै गुड्न दिनु पनि वायु प्रदूषणका कारण हुन् ।

विश्व बैंकले नेपालमा वायु प्रदूषण न्यूनीकरण र वायु गुणस्तर व्यवस्थापन सुदृढ गर्न पाँच करोड २० लाख अमेरिकी डलर र करिब छ अर्ब ९० करोड नेपाली रूपैयाँ) बराबरको ऋण सहयोग स्वीकृत गरेको छ । उक्त सहयोग वायु प्रदूषणको उच्च जोखिममा रहेका काठमाडौं उपत्यका, तराई र वरपरका पहाडी क्षेत्रहरूमा खर्च गरिने छ । ती क्षेत्रका उद्योगहरूलाई आधुनिक प्रविधिमा रूपान्तरण गर्न ऋण सहायता, प्रोत्साहनभत्ता र प्राविधिक सहयोग उपलब्ध गराइने विश्वबैंकले उल्लेख गरेको छ । विश्वबैंकको यो सहयोगमा बेलायत र स्विट्जरल्याण्ड सरकारको 'रेजिलियन्ट एसिया प्रोग्राम'मार्फत ५० लाख डलरको थप अनुदान पनि समावेश छ ।

विश्व बैंकले 'नेपाल स्वच्छ हावा र समृद्धि परियोजना' का लागि उक्त रकम स्वीकृत गरेको हो । यो परियोजनाले विशेषगरी उद्योग र व्यावसायिक क्षेत्रमा प्रयोग हुने बोयलर तथा भट्टीहरूबाट निस्कने हानिकारक सूक्ष्म कण (पिएम २.५) को उत्सर्जन कम गर्न केन्द्रित हुने छ । स्वास्थ्य उपचार र उत्पादकत्वमा हुने ह्रासका कारण नेपालले वार्षिक कूल गार्हस्थ्य उत्पादनको छ प्रतिशतभन्दा बढी हिस्सा गुमाइरहेको छ । यो परियोजनाले नेपाली उद्योगहरूलाई स्वच्छ र प्रतिस्पर्धी बनाउँदै लाखौं मानिसको स्वास्थ्य रक्षा गर्ने लक्ष्य राखेको छ ।

नेपालमा औद्योगिकीकरण बढ्दै जाँदा भविष्यमा औद्योगिक उत्सर्जन नै प्रदूषणको मुख्य स्रोत बन्ने प्रक्षेपण गरिएको छ । यसलाई सम्बोधन गर्न परियोजनाले करिब ४०० वटा उद्योग तथा व्यावसायिक प्रतिष्ठानहरूलाई विद्युतीय बोयलर, आधुनिक बायोमास भट्टी र उन्नत उत्सर्जन नियन्त्रण प्रविधि अपनाउन सहयोग गर्ने छ । नेपालमा महँगो लगानी र दीर्घकालीन ऋणको अभावका कारण स्वच्छ प्रविधि अपनाउन गाह्रो भइरहेको उल्लेख गर्दै यो परियोजनाले ती अवरोधहरू हटाउने छ ।

वायुप्रदूषणकाअसरहरूमाकार्बनडाइअक्साइडको तह वृद्धि भएर हरितगृह प्रवाह हुन्छ । क्लोरोफ्लोरो कार्बन र नाइट्रोजनअक्साइडले ओजोन तहको क्षयीकरण गराउँछ । वायु प्रदूषणले मानिसमा गम्भीर प्रकारका रोगसम्बन्धी प्रभाव पार्छ । वायु पदूषणले हवाई चालकको दृष्टिमा अवरोध ल्याउँछ र जहाज दुर्घटना निम्त्याउँछ । वायु प्रदूषणले कृषिसम्बन्धी बालीहरू तथा प्राकृतिक बिरुवा र वनस्पति दुवैलाई नोक्सान गर्छ । यसले विश्वव्यापी, महादेशीय र क्षेत्रीय जलवायु तथा मौसममा पनि प्रभाव पार्छ । हामी बसिरहेको ठाउँको हावा प्रदूषित हुँदा रुघाखोकी लाग्ने, पिनासको समस्या हुने, श्वासप्रश्वासमा समस्या, एलर्जी, फेरेञ्जाइटिस हुने, लेरेञ्जाइटिस हुने, निमोनिया आदि समस्या देखिन्छ । प्रदूषणले दम, मुटुरोगलगायत दीर्घरोगका बिरामीलाई पनि थप असर गर्छ । शरीरका विभिन्न अंगमा प्रदूषणको नकारात्मक प्रभाव पर्छ । प्लास्टिकका फोहोर जलाउँदा निस्केको प्रदूषणले पछि गएर क्यान्सरसमेत निम्त्याउन सक्छ । प्रदूषणमा मिसिएको लिड, सिलिका, सल्फाइड, कार्बन मोनोअक्साइडले सीधै स्वास्थ्यमा असर पुऱ्याउँछ । गाडीबाट निस्कने धुँवा, फोहोर तथा आगो बाल्दा निस्केको धुँवाले हाम्रो शरीरलाई नकारात्मक प्रभाव पारिरहेको हुन्छ ।

## वायु प्रदूषण कम गर्न अपनाउनुपर्ने प्रमुख उपाय तथा रणनीतिहरु

वातावरणीय शिक्षालाई औपचारिक एवं अनौपचारिकरूपमा लागू गरी विद्यार्थीहरू एवं आमजनसमुदायलाई वातावरणप्रति सचेत गराउनुपर्दछ । वातावरणीय प्रदूषण नियन्त्रण गर्नका लागि वातावरणीयपक्षहरू हावा, पानी, जमिन, सांस्कृतिकपक्ष आदि के कारणले प्रदूषित हुन्छन्, प्रदूषणबाट मानव स्वास्थ्यमा के कस्ता समस्याहरू आउँछन् आदि विषयवस्तुप्रति सचेत गराउनुपर्दछ । वातावरणीय सरसफाइमा विशेष जोड दिनुपर्दछ, जसअन्तर्गत शौचालयको प्रयोग, ठोस फोहोर वस्तुहरू एवं ढलको उचित व्यवस्थापनमा जोड दिनुपर्दछ । वृक्षरोपणमा जोड दिनुपर्दछ, जसका लागि भएका वनजंगलको संरक्षण गर्नुका साथै खाली ठाउँहरूमा बिरुवा रोपी हराभरा बनाउनुपर्दछ । आमजनसमुदायलाई बोटबिरुवा र मानवबीचको अन्तरसम्बन्ध र यसले स्वास्थ्यमा पार्ने प्रभावको बारेमा जानकारी गराई उनीहरूको सहयोगमा नै वृक्षरोपण र संरक्षण कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

निश्चित नियम तथा कानुनको निर्माण गरी सहरीकरण एवं मानवीय बसोबासलाई व्यवस्थित गर्नुपर्दछ । औद्योगिकीकरणको विकास र विस्तार दिनप्रतिदिन भइरहेको छ । उद्योग तथा कलकारखानाबाट निस्कने पदार्थहरूका कारण वातावरण दिन प्रतिदिन प्रदूषित भइरहेको छ । कुनै ठाउँमा उद्योग तथा कलकारखाना स्थापना गर्दा त्यस क्षेत्रको वातावरणमा पर्ने असरहरूको अध्ययन, उद्योगको प्रविधि, भविष्यमा त्यसबाट हुने असरका बारेमा सम्बन्धित निकायले गहनताका साथ विचार गरेरमात्र उद्योगहरूको स्थापना गरिनुपर्दछ ।

**ग्यास सिलिण्डरको जोहो** | झापाको बिर्तामोडस्थित ग्यास पसलबाट भरिएका सिलिण्डर लिएर घर फर्कँदै ग्राहक । बजारमा ग्यासको अभाव देखिन थालेपछि ग्यास पसलमा ग्राहकको घुइँचो लाग्न थालेको छ । *तस्बिरः रासस*

# लोमान्थाङको आधारभूत अस्पताल भवन प्रयोगविहीन

**मुस्ताङ–** माथिल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-५ लोमान्थाङमा निर्मित पाँच शयचाको आधारभूत अस्पताल भवन एक वर्षदेखि प्रयोगविहीन अवस्थामा रहेको छ । नेपाल-चीन सीमावर्ती क्षेत्रका स्थानीय नागरिकलाई विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्य सेवाको पहुँच स्थापित गर्ने उद्देश्यले निर्माण गरिएको २७ कोठाको आधारभूत अस्पताल भवन प्रयोगविहीन बनेको हो ।

माथिल्लो मुस्ताङको लोमान्थाङ-४ लोमान्थाङस्थित धुराङ भन्ने स्थानमा एक वर्षअघि सम्पन्न भएको पाँच शयचाको आधार भूत अस्पताल भवन जनशक्ति तथा आवश्यक उपकरणको व्यवस्थापन हुन नसक्दा प्रयोगविहीन बनेको बताइएको छ। संघीय सरकारको एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमअन्तर्गत लोमान्थाङ गाउँपालिकाको लागत साझेदारीमा दुई तले आधारभूत स्वास्थ्य सेवा अस्पताल भवन निर्माण गरिएको थियो । आव २०७८/७९ मा त्यहाँ आधारभूत अस्पताल भवन निर्माण सुरु गरिएकोमा गत वर्षको फागुन महिनामा निर्माण सम्पन्न भएको थियो । दुई वर्षको सम्झौता अवधि रहेको उक्त आधारभूत अस्पताल भवन निर्माण चलिरहँदा कोभिड महामारीका कारण एक वर्षपछि ढिलो गरी अस्पताल भवन निर्माण सम्पन्न गरिएको थियो ।

सात करोड १९ लाख रूपैयाँ लागतमा निर्माण सम्पन्न भएको लोमान्थाङस्थित आधारभूत अस्पताल भवन लोमान्थाङ बजारदेखि तल करिब आधा घण्टाको दूरीमा पर्दछ । एक वर्षअघि निर्माण सम्पन्न गरिएको उक्त आधारभूत अस्पताल भवनबाट विशेषज्ञ चिकित्सकसहितको सेवा प्रवाह गर्ने गरी शल्यक्रिया कक्ष, एक्सरे कक्ष, ल्याब कक्ष, प्रसूति कक्ष, फार्मेसी कक्षलगायत चिकित्सक तथा स्वास्थ्यकर्मी बस्ने आवाससहितको भवन निर्माण गरिएको थियो ।

माथिल्लो मुस्ताङमा आधारभूत स्वास्थ्य सेवाका लागि सामान्य उपचार गर्न स्वास्थ्य चौकी र स्वास्थ्य एकाइहरू रहेपछि विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्य सेवा नहुँदा माथिल्लो मुस्ताङका नागरिकलाई निकै सास्ती हुने गरेको छ । त्यहाँका नागरिकलाई गम्भीर बिरामी हुँदा वा भरपर्दो स्वास्थ्य सेवा प्राप्त गर्न १०० किलोमिटर दुरीको यात्रा गर्दै जोमसोम झर्नुपर्ने बाध्यता रहेको छ । कतिपय बिरामीलाई जोमसोमसमेत भरपर्दो स्वास्थ्य सेवा उपलब्ध नहुँदा पोखरा/काठमाडौंलगायतका स्थानमा जानुपर्ने बाध्यता रहेको छ ।

लोमान्थाङ गाउँपालिकाका स्वास्थ्य संयोजक तेञ्जिङ नर्बु गुरुङका अनुसार लोमान्थाङमा निर्मित आधारभूत अस्पताल आवश्यक जनशक्ति, स्वास्थ्य उपकरण र पूर्वाधार नहुँदा सञ्चालन हुन नसकेको जानकारी दिए । सरकारले आधारभूत अस्पतालका लागि चिकित्सक तथा जनशक्तिको दरबन्दी व्यवस्था र आवश्यक उपकरणलगायतको व्यवस्थापन गरिदिएमा अस्पताल सञ्चालन गर्न सकिने बताए ।

चालु वर्ष गण्डकी प्रदेशका स्वास्थ्यमन्त्रीको माथिल्लो मुस्ताङको भ्रमण हुँदा यहाँको पाँच शयचाको आधारभूत अस्पताल भवनलाई चाहिने स्वास्थ्य उपकरणलगायत सामग्री खरिदका लागि लागत स्टेमेट र विवरण पठाउन निर्देशन भएको र सोहीअनुसार गाउँपालिकाले डेढ करोडबराबरको स्वास्थ्य उपकरण खरिद गर्न विवरणसहित आवश्यक डकुमेन्ट प्रदेश सरकारलाई पठाइसकिएको स्वास्थ्य संयोजक गुरुङले उल्लेख गरे ।

'हामीले यहाँबाट आधारभूत अस्पताल भवनका लागि सामग्री खरिद गर्न लागत र विवरण प्रदेश सरकारलाई पठाइसकिएको छ,' स्वास्थ्य संयोजक गुरुङले भने, 'गत भाद्र २३ र २४ गतेको जेन-जी आन्दोलनपछि यस विषयमा के हुँदै छ भन्ने जानकारी प्राप्त हुन सकिरहेको छैन ।' गण्डकी प्रदेश सरकारले अस्पतालका लागि सामग्री खरिद गर्न लागत र विवरण आएपछि प्रदेश मन्त्रिपरिषद्को बैठकले अनुमोदन गरी व्यवस्थापन गर्ने भनिएको भए पनि उक्त विषय अझै अन्योलमै रहेको स्वास्थ्य संयोजक गुरुङको भनाइ छ ।

रङरोगनसहित निर्माण सम्पन्न भएको पाँच शयचाको आधारभूत अस्पताल भवनमा तत्कालका लागि हेल्थ पोस्ट स्थान्तरण गरेर सामान्य प्रकारको स्वास्थ्य सेवा सञ्चालन गर्न सकिने अवस्था रहेपनि उक्त भवन लोमान्थाङ बजारदेखि टाढा समुदायलाई अपायक पर्ने भएकाले उक्त आधारभूत अस्पताल भवन प्रयोगमा आउन नसकेको उनको भनाइ छ । माथिल्लो मुस्ताङका स्थानीय नागरिक तथा पर्यटकलाई भरपर्दो स्वास्थ्य सेवा प्रवाह गर्न यहाँ निर्माण गरिएको अस्पताल भवन सञ्चालनका लागि संघीय तथा प्रादेशिक सरकारको ध्यान जान आवश्यक रहेको स्वास्थ्य संयोजक गुरुङले उल्लेख गरे । *रासस*

# 'विजयसाल सामुदायिक घरवास'मा बढ्दै पाहुनाको आकर्षण

■ राजेन्द्रप्रसाद पनेरु

**कञ्चनपुर–** कृष्णपुर नगरपालिका-२ वाणीस्थित मुक्तकमैया बस्ती अहिले ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा परिचित हुन थालेको छ । विगतमा साहुको घरमा श्रम बेचेर जीवन गुजार्न बाध्य भएका थारु समुदायका परिवारहरू आज आफ्नै गाउँमा घरवास (होमस्टे) सञ्चालन गरेर आत्मनिर्भर बन्ने यात्रामा अगाडि बढिरहेका छन् ।

थारु बस्तीमा सञ्चालन गरिएको 'विजयसाल' अहिले स्थानीय समुदायको आयआर्जनको भरपर्दो माध्यम बन्नुका साथै थारु संस्कृति संरक्षण र ग्रामीण पर्यटन प्रवर्द्धनको नमूना बनेको छ । बस्तीका विस्पति चौधरीले घरवास सञ्चालन गरेको केही वर्षमै आफ्नो जीवनमा ठूलो परिवर्तन आएको अनुभव सुनाए । घरवास सुरु गर्नुअघि उनले परिवार पाल्न ज्याला मजदुरी गर्नुपर्ने अवस्था थियो ।

'पहिला हामी दैनिक ज्यालामजदुरी गरेर जीवन चलाउँथ्यौं,' उनले भने, 'घरवास सञ्चालन गर्न थालेपछि आम्दानीको नयाँ बाटो खुल्यो, पाहुनाको आगमन भइरहन्छ, यसले जीविका चलाउन धेरै सहज बनाएको छ ।' घरवासमा आउने पाहुनाको निरन्तर आगमनले चौधरीकोमात्र होइन, बस्तीका अन्य परिवारको पनि आम्दानी बढ्दै गएको छ । अहिले यहाँका छ परिवार मिलेर विजयसाल सामुदायिक रूपमा घरवास सञ्चालन गरिरहेका छन् ।

घरवासमा आबद्ध सबै परिवारले पाहुनालाई बस्नका लागि छुट्टाछुट्टै घर निर्माण गरेका छन् । ती घरहरू परम्परागत थारु वास्तुकलाको झल्को दिनेगरी निर्माण गरिएका छन् । बाहिरबाट हेर्दा माटो र काठले बनेका परम्परागत घरजस्तै देखिने भए पनि भित्र आधुनिक सुविधा उपलब्ध गराइएको छ ।

पाहुनालाई सहज बसोबासका लागि प्रत्येक कोठामा अटचाच बाथरुम, आरामदायी बेड तथा वाइफाइ सेवा उपलब्ध गराइएको छ । दुई जना बस्न मिल्नेगरी तयार गरिएका कोठाहरूमा पाहुनाले गाउँको वातावरणसँगै आधुनिक सुविधाको अनुभव पनि गर्न सक्छन् ।

घरवासपरिसरमा पाहुनालाई बस्नका लागि चारवटा आकर्षक गोलघर निर्माण गरिएका छन् । त्यस्तै पाहुनाको स्वागत तथा सामूहिक कार्यक्रमका लागि छुट्टै सामुदायिक हलको पनि व्यवस्था गरिएको छ । यसले घरवासलाई केवल बस्ने ठाउँमात्र नभई सांस्कृतिक गतिविधि र सामुदायिक अन्तर्क्रियाको केन्द्रका रूपमा पनि विकास गरेको स्थानीय दुर्गा चौधरी बताउँछिन् ।

'घरवासको नाम 'विजयसाल सामुदायिक घरवास' राखिनुको पनि विशेष कारण रहेको छ,' उनले भनिन्, 'विजयसाल बहुऔषधीय गुण भएको वनस्पति हो, जसलाई स्वास्थ्यका दृष्टिले निकै महत्त्वपूर्ण मानिन्छ, विजयसालको काठबाट बनेको भाँडामा पानी राखेर पिउँदा मधुमेह तथा रक्तचाप नियन्त्रणमा सहयोग पुग्ने मान्यता रहेको छ, पछिल्लो समय वनजंगलमा यो रुख लोप हुने अवस्थामा पुगेको छ, यसैलाई ध्यानमा राख्दै विजयसालको संरक्षण तथा प्रचार गर्ने उद्देश्यले घरवासको नाम 'विजयसाल' राखेका हौं ।'

विजयसाल घरवासको अर्को आकर्षण भनेको यहाँ उपलब्ध हुने परम्परागत थारु खानपान हो । घरवासमा आउने पाहुनालाई उनीहरूको चाहनाअनुसार विभिन्न स्थानीय परिकार तयार गरेर पस्किने गरिन्छ । घरवास सञ्चालक वसन्ती रानाका अनुसार यहाँ भेज तथा ननभेज दुवै प्रकारका परिकार पाइन्छन् ।

'पाहुनाको रोजाइअनुसार खाना तयार गर्छौं,' उनले भनिन, 'थारु समुदायका मौलिक परिकार ढिक्री, बरिया रोटी, अन्तीको भात, मिसौला, फुलौरालगायतका परिकार पाहुनाले निकै मन पराउनुहुन्छ ।' यसका अतिरिक्त माछा, गंगटा, घोंगी, सुतही, सुँगुरको मासु तथा स्थानीय जातको कुखुराको मासु पनि यहाँका लोकप्रिय परिकार हुन् ।

कहिलेकाहीँ पाहुनाले मुसाको चटनीसमेत चाख्नका लागि माग गर्ने गरेको सञ्चालकहरू बताउँछन् । त्यस्तै अमिलो-पिरो स्वादको बयरको चटनी पनि पाहुनाले मन पराउने परिकारमध्ये एक हो । जुन घरवास सञ्चालकले अनिवार्यरूपमा परिकारसँगै पस्कने गर्दछन् । घरवासमा उपलब्ध गराइने खानाका परिकारको मूल्य १३० रूपैयाँदेखि ३०० रूपैयाँसम्म रहेको छ ।

घरवासमा आउने पाहुनाको मनोरञ्जनका लागि थारु समुदायका परम्परागत नृत्यहरू पनि प्रस्तुत गरिन्छ । सामुदायिक हलमा स्थानीय महिला तथा युवाहरूले सखिया, छोक्रा र मघौटालगायतका नृत्य प्रस्तुत गर्छन् । मादल र मञ्जिराको तालमा प्रस्तुत गरिने यी नृत्यले पाहुनालाई थारु संस्कृतिको झलक दिन्छन् ।

घरवास सञ्चालक परदेशनी डगौराका अनुसार पाहुनाको मागअनुसार सांस्कृतिक कार्यक्रम आयोजना गरिन्छ । 'नृत्य देखाएबापत एक घण्टाको तीन हजार रूपैयाँ शुल्क लिने व्यवस्था छ,' उनले भनिन्, 'यसले पाहुनालाई मनोरञ्जन दिनुका साथै हाम्रो संस्कृति जोगाउन पनि मद्दत पुगेको छ ।' सांस्कृतिक कार्यक्रमबाट प्राप्त रकम कलाकार हरूको सामूहिक कोषमा जम्मा गरिने व्यवस्था गरिएको छ ।

'घरवासमा वर्षभरिमा करिब एक हजारजति पाहुना आएको रेकर्ड छ,' घरवास सञ्चालक लिलाकुमारी चौधरीले भनिन्, 'पर्यटन सिजनका बेला यहाँ पाहुनाको चहलपहल निकै बढ्ने गर्दछ, यस वर्षको फागुन महिनामामात्र करिब २०० पाहुना यहाँ बस्न आएका छन् ।'

यहाँ आउने पाहुनामध्ये अधिकांश इलाम, धादिङ, मोरङ, सुनसरी, पोखरा र काठमाडौंलगायत क्षेत्रका बढी हुने गरेका छन् । कहिलेकाहीँ विदेशी पर्यटक पनि थारु संस्कृति, रहनसहन र खानपानबारे जान्न उत्सुकताका साथ यहाँ आउने गरेको सञ्चालकहरू बताउँछन् । घरवासमा बस्न आउने अधिकांश पाहुना नजिकै रहेका पर्यटकीयस्थलको अवलोकन गर्न पनि जाने गर्छन् । विशेषगरी शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज यहाँको मुख्य आकर्षण मानिन्छ । विशाल घाँसेमैदान र दुर्लभ बाह्रसिंगा हेर्नका लागि धेरै पर्यटक त्यहाँ पुग्ने गर्छन् । यसका साथै महाकाली नदीमाथि बनेको बहुस्पान झोलुंगे पुलको दृश्यावलोकन गर्न पनि पर्यटक जाने गर्छन् ।

घरवास नजिकै रहेको सिस्ने सिमसार क्षेत्र पनि प्रकृतिप्रेमीका लागि आकर्षक गन्तव्य मानिन्छ । यहाँ विभिन्न प्रजातिका चराचुरुंगी तथा जलचर अवलोकन गर्न सकिन्छ । घरवास सञ्चालनबाट सहभागी परिवारहरूले मासिक ३० हजार रूपैयाँदेखि ३५ हजार रूपैयाँसम्म आम्दानी गर्ने गरेका छन् । यद्यपि पाहुनाको संख्याअनुसार आम्दानी कहिले बढी त कहिले कम हुने गरेको सञ्चालकहरू बताउँछन् । स्थानीय बासिन्दाका अनुसार घरवास सञ्चालन सुरु भएपछि गाउँमा आर्थिक गतिविधि बढेको छ ।

यसले स्थानीय उत्पादनको उपयोग बढाउनुका साथै रोजगारका अवसर पनि सिर्जना गरेको छ । यससँगै थारु समुदायको मौलिक संस्कृति, खानपान र जीवनशैलीको संरक्षणमा पनि सकारात्मक प्रभाव परेको स्थानीय अगुवा सोभा खुना बताउँछिन् । 'घरवास सञ्चालनका सफलताका बाबजुत केही चुनौतीहरू पनि छन्,' उनले भनिन्, 'सिजनअनुसार पाहुनाको संख्या घटबढ हुनु, विदेशी पर्यटकसँग भाषाको समस्या आउनु तथा प्रचारप्रसारको कमी हुनु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।' सरकारी निकायबाट पूर्वाधार विकास, तालिम तथा प्रचारप्रसारमा सहयोग प्राप्त भएमा यस क्षेत्रलाई ग्रामीण पर्यटनको महत्त्वपूर्ण केन्द्रका रूपमा विकास गर्न सकिने सम्भावना रहेको उनी बताउँछिन् ।

उनी भन्छिन्, 'विजयसाल सामुदायिक घरवासले संघर्षशील मुक्तकमैया समुदायलाई आत्मनिर्भर बन्ने बाटो देखाएको छ, यसलाई निरन्तरता दिनका लागि सबै पक्षको सहकार्य हुन आवश्यक छ ।' *रासस*

# दादुरा प्रभावित ढोरपाटनमा ४६१७ जनालाई लगाइयो खोप

**बागलुङ (प्रस)–** बागलुङको ढोरपाटन नगरपालिकामा फैलिएको दादुरा नियन्त्रणका खोप लगाइएको छ । नगरका नौवटै वडामा एकसाथ शुक्रबार चार हजार ६१७ बालबालिका र किशोरकिशोरीलाई खोप लगाइएको छ ।

आवश्यक खोप र जनशक्ति दादुरा प्रभावित क्षेत्रका विद्यालय र स्वास्थ्य संस्थामा पुगेर शुक्रबार खोप लगाइएको हो । ढोरपाटनको विकट गाउँमा महामारीको रूपमा फैलिएको दादुरा प्रकोप नियन्त्रणका लागि ढोरपाटन नगरपालिका भरका छ हजार ७६३ बालबालिका र किशोरकिशोरीलाई खोप लगाउने लक्ष्यअनुसार पहिलो दिन नै चार हजार ६१७ जनालाई खोप लगाइएको छ । छुटेका बालबालिका र किशोरकिशोरीलाई पुनः विद्यालय र विद्यालय नजानेलाई घरमा र स्वास्थ्य संस्थामा पुगेर खोप लगाइने छ ।

बागलुङको ढोरपाटन नगरपालिका वडा नम्बर ७, ८ र ९ को बोबाङ, सेराबाङ र लाकुरीबोट गाउँमा दादुरा रोगका शंकास्पद ७४ जना बिरामी फेला परेका थिए । जसमध्ये ३२ जना भर्ना भएर उपचार भइसकेको छ । सात जना बालबालिका अझै उपचाररत रहेका छन् ।

दादुरा नियन्त्रणका लागि ढोरपाटन नगरपालिका-८ बोबाङ स्वास्थ्यचौकीमा आइसोलेसन तयार गरेर उपचार समेत भइरहेको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रविण शर्माले जानकारी दिए । तत्काललाई दादुरा नियन्त्रण गरी थप फैलन नदिनका लागि नगरपालिकाका सबै वडाका १० देखि १९ वर्ष उमेर समूहका किशोरकिशोरीलाई दादुराको खोप प्रदान गरिएको हो । यस्तै उपचारमा संलग्न रहेका २३७ स्वास्थ्यकर्मीलाई समेत दादुराविरुद्धको खोप लगाइने छ ।

खोप अभियान चैत १ गतेसम्म सञ्चालन गरिने छ । जसका लागि अपुग स्वास्थ्यकर्मी छिमेकी गाउँपालिका बडिगाड र निसीखोलाबाट समेत झिकाइएको छ । अभियानमा महिला स्वास्थ्य स्वयंसेविकाले समेत सघाएका थिए । फागुन ८ गते ढोरपाटनमा एक जनालाई दादुरा संक्रमण भएको पुष्टि भएको थियो । त्यसयता थप पाँच जनामा संक्रमण पुष्टि भए पनि अन्यलाई लक्ष्यण देखिएकाले नियन्त्रणका लागि खोप लगाइएको हो ।

दादुरा संक्रमण नियन्त्रणका लागि खोप नै सबैभन्दा उत्तम उपाय भन्दै ढोरपाटनका १० देखि १९ वर्ष उमेर समूहका सबैलाई खोप लगाइने छ ।

# म्याग्दीको मुनामा ग्रामीण सरसफाइ आयोजना

**म्याग्दी (प्रस)–** धवलागिरि गाउँपालिका-३ मुनामा ढल व्यवस्थापन आयोजना निर्माण थालिएको छ । संघीय सरकारको विशेष अनुदानमा धवलागिरि गाउँपालिकाले मुना गाउँको सरसफाइ र ढल व्यवस्थापनका लागि नाली (पक्की नहर) निर्माण थालेको हो ।

मुनामा हाल धवलागिरि गाउँपालिकाको केन्द्र रहेको छ । भिरालो पाखोमा गुजमुज्ज बाक्लो बस्ती रहेको मुनाका घरबाट निस्कने फोहोर पानी र बर्खायाममा बग्ने पानीको सुरक्षित तथा व्यवस्थित निकासका लागि आयोजना सञ्चालन गरेको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले जानकारी दिए । 'बर्खामा पाखामा बग्ने पानीले गाउँलाई असुरक्षित र घरबाट निस्कने ढलका कारण फोहर व्यवस्थापनमा चुनौती छ,' उनले भने, 'मुना गाउँलाई सफा र सुरक्षित बनाउने उद्देश्यले आयोजना सञ्चालन गरेका हौं ।'


**Gandaki Province Government**

**Ministry of Physical Infrastructure Development & Transport Management**

## Infrastructure Development Office

**Kusma, Parbat**

## Invitation for Bids

***Date of publication: Sunday, March 15, 2026***

We invite online bids only under e-procurement system from eligible bidders for the construction of the projects mentioned below under the National Competitive Single Stage Two Envelope Bidding procedure. All other information and the Bid Document can be downloaded from the PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit e-Bids only as per the instructions within the mentioned period.

| S. N. | Works Descriptions | Contract ID | Bid Validity Period | Bid Security Amount and Validity Period |
|---|---|---|---|---|
| 1. | Construction / Upgrading of Bajung Zero KM - Lampata - Daregaunda - Chanaute - Durlung - Kaphalchaur Road and Kharidhunga - Nyaule - Khadara - Sakhinibhaurak Road, Kushma -3 and Modi -5, Parbat | IDO/PAR/NCB/MYW/01/082-83 | 90 days | NRs. 12,30,000.00<br>30 days after bid validity |
| 2. | Construction / Upgrading of Setibeni - Wahaki Bhanjyang - Uram - Geptang - Paiyun Bhanjyamg - Bhoksing - Lunkhu Road, Bihadi and Mahashila RM, Parbat | IDO/PAR/NCB/MYW/02/082-83 | 90 days | NRs. 12,30,000.00<br>30 days after bid validity |

**Bid Document Fee**: NRs. 5,000

**Bid Submission Deadline**: 2026-04-15 AD (2083-01-02 BS) 12:00 PM

**Bid Opening Date**: 2026-04-15 AD (2083-01-02 BS) 1:00 PM

**Information to deposit the cost of bidding document in Bank :**

**Name of Bank**: Nepal Bank Limited, Kushma
**Office Code No**. 3370142014
**Rajaswa Shirshak No**. 14229

**Name of Office**: Infrastructure Development Office, Parbat
**Office Account No**.: 27302000001001000001

**For Office Chief**

प्रभाव दैनिक

रूपशाला

## भारतीय भ्वाइस आर्टिस्ट अमित नेपालमा

भारतका चर्चित भ्वाइस आर्टिष्ट अमित डिओंडी काठमाडौं आइपुगेका छन् । चलचित्र बिकाश बोर्डको आयोजनामा शनिबारदेखी तीनदिन चल्ने भ्वाइस एक्टिङ तथा डबिङ ट्रेनिङका लागी उनी नेपाल आएका हुन् । चलचित्र बिकाश बोर्डका अध्यक्ष दिनेश डिसीले बोर्डले दक्षता अभिबृद्धि कार्यक्रमलाई अगाडी सारेको र बिभिन्न १४ वटा बिषयमा तालिम राखिएकोमा भ्वाइस एक्टिङलाई पनि बिशेष प्राथमिकता दिइएको बताए । केहि समय अघिमात्रै पनि साउण्ड, डबिङ तालिमका लागी भारतबाटै अनुभवी प्रतिनिधि बोलाएर तालिम दिइएको थियो ।

आइतबार, ०१ चैत २०८२ (Sunday, 15 March 2026)

# पारिजात सम्मान २०८२ बाट सम्मानित हुनेको नाम घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** पारिजात स्मृति केन्द्रले पारिजात सम्मान २०८२ बाट सम्मानित हुने प्रतिभाको नाम घोषणा गरेको छ । साहित्यकार पारिजातको ९२ औं जन्मजयन्तीका अवसरमा आज काठमाडौंमा आयोजना गरिएको 'पारिजात जन्मजयन्ती' कार्यक्रममा सम्मानित हुनेहरूको नाम घोषणा गरिएको केन्द्रका महासचिव दिलसुन्दर श्रेठले जानकारी दिए । आगामी वैशाख ५ गते पारिजातको स्मृति दिवसमा सम्मान प्रदान गरिने उनले बताए ।

सम्मानित हुनेमा 'पारिजात बालसाहित्य सम्मान २०८२' बाट बालसाहित्यकार रामबाबु सुवेदी, 'पारिजात कला सम्मान २०८२' बाट गीतकार तथा संगीतकार शरद पौडेल, 'पारिजात सृजन सम्मान २०८२' बाट नवीन विभास तथा 'पारिजात संघर्षशील महिला सम्मान २०८२' बाट देवी खड्का रहेका छन् ।

विसं १९९० फागुन ३० गते पारिजातको जन्म भएको दिनलाई प्रत्येक वर्ष केन्द्रले 'पारिजात जन्मजयन्ती'का रूपमा मनाउँदै आएको छ । यसैगरी, केन्द्रले पारिजात परिसंवाद कार्यक्रम गर्दै आएको र यस वर्ष 'प्राडा वासुदेव त्रिपाठीसँग डा महेश मास्के पारिजात परिसंवाद' कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रममा विभिन्न साहित्यकार, विद्यार्थी, सर्जकलगायत उपस्थित थिए ।

# 'हामी तीन भाइ'को गीतको छायांकन

**काठमाडौं (प्रस)–** फिल्म 'हामी तीन भाइ' का लागि तयार गरिएको नयाँ गीत 'झम्के फुली नाकको फुली, कानमा झुम्का लाउ है ठुली...' को छायांकन अहिले भक्तपुरको गुण्डु क्षेत्रमा भइरहेको छ । प्रसिद्धी सिने आर्ट्स प्रा.लि. को ब्यानरमा निर्माण भइरहेको यस फिल्मको उक्त गीतमा साप शक्ति र अस्मिता अधिकारीको स्वर रहेको छ । गीतका शब्द सुवल मणि सापकोटाले लेखेका हुन् भने संगीत पनि साप शक्तिकै रहेको छ । गीतको रेकर्डिङ अनामनगरस्थित ए प्लस स्टुडियोमा गरिएको हो । यस गीतको संगीत संयोजन (एरेन्ज) महाराज थापाले गरेका छन् ।

ग्रामीण परिवेश र स्थानीय स्वाद झल्काउने शैलीमा तयार गरिएको यो गीतलाई रंगीन र जीवन्त बनाउन अहिले गुण्डुमा छायांकन भइरहेको निर्माण पक्षले जनाएको छ ।

निर्देशक मधुसुधन भट्टराईको निर्देशनमा तयार भइरहेको फिल्म 'हामी तीन भाइ' कमेडी तथा सामाजिक कथामा आधारित छ । फिल्ममा विनोद न्यौपाने, कुशल बिष्ट र फलित राई मुख्य भूमिकामा छन् । उनीहरूले गाउँका मिल्ने तीन साथीको चरित्र निभाएका छन् ।

त्यस्तै फिल्ममा लक्ष्मी बर्देवा, राजाराम पौडेल, रवीन्द्र झा लगायतका कलाकारको पनि अभिनय रहनेछ । फिल्म प्रसिद्धी सिने आर्ट्स प्रा.लि.को ब्यानरमा निर्माण भइरहेको हो भने निर्मातामा त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठ रहेका छन् । यो फिल्म यही चैत्र १३ गतेबाट देशव्यापी रूपमा प्रदर्शनमा आउँदैछ ।

# 'परालको आगो'को टिजरमै चर्चा

■ प्रभाव संवाददाता

**काठमाडौं–** यतिबेला सुशील पोखरेलको फिल्म 'परालको आगो'को टिजरको चर्चा छ । सामाजिक सञ्जाल जतातते यस फिल्मको टिजरले करोड भ्युज समेत बटुल्न सफल भएको छ । ओएसआरको फेसबुक र टिकटकमा दर्शकले डेढ करोड पटक हेरेका छन् । जुन भ्युज बिरलै पाइन्छ ।

यतिका भ्युज सामाजिक सञ्जालबाट नै फिल्मको टिजरले बटुलेपछि निर्माता सुशील पोखरेल उत्साहित छन् । उनी दंग पर्दै भन्छन्,' ओएसआर डिजिटलको टिकटकमा ६० लाख तथा देउराली फ्यान क्लबको रिल्समा हाम्रो टिजरलाई ४० लाखभन्दा बढि पटक हेरिएको छ । दुइतर्फको भ्युल जोड्ने हो भने १ करोडभन्दा माथी पुगेको अवस्था छ । अरुको त हिसावै गरेको छैन ।' उनले यतिधेरै भ्युज बटुलेको र टिकटकस्टारहरूले आफ्नो फिल्मको टिजरका संवादमा अभिनय गरेकोमा धन्यवाद दिएका छन् । उनी थप्छन्,'यो मायाका लागि हामी आभारी छौं ।'

नेपाली समाज र यहाँ रहेका घटनालाई फिल्मको पर्दामा उतारिएको छ । अधिकांशले प्रकाश सपुत र सुहाना थापाको संवादमा टिकटक बनाएका छन् । जसका कारण पनि यो फिल्मको प्रचार तिब्र छ । ओएसआर युटुब च्यानलमार्फत रिलिज भएको टिजरमा दर्शकले सकरात्मक प्रतिक्रिया दिएका छन् ।

श्रीमानश्रीमतीबीचको मनमुटाव र झगडा र छरछिमेकीको भुमिका देख्न सकिन्छ । प्रकाश सपुत र सुहाना थापा श्रीमानश्रीमतीको भुमिकामा रहेका छन् । ग्रामीण परिवेश, परम्परागत टोकरी र पहाडी पृष्ठभूमिमा हुने गरेका नेपाली समाजको कथामा निर्माणधिन फिल्म सुहाना थापा,सौगात मल्ल,प्रकाश सपुत,सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने र बाल कलाकार मन्जिला बानियाँको अभिनय रहेको छ ।

हरि ॐ सिने मेकर्स प्रा.लि.को ब्यानरमा निर्माण भएको यस फिल्मको लगानी सुशील पोखरेलका अलवा सुलभी पोखरेल र सत्यम पोखरेल निर्माता रहेका छन् ।

लक्ष्मण सुनारको निर्देशनमा निर्माण भएको यस फिल्ममा सुशील देवकोटा पटकथा तथा संवाद रहेको छ । संकल्प भुजेलको छायांकन,नृत्य निर्देशन रामजी लामिछाने रहेको यस फिल्ममा सम्पादन मिलन श्रेष्ठले गरेका छन् । त्यसै फिल्मको रंग संयोजन कनाल कँवरको छ ।

समिर मिया र सत्यम रानाको भिएफएक्स,टिजर तथा ट्रेलर सम्पादन साहिल खानको छ भने फिल्ममा मिक्सिङ मुकेश शाहले गरेका छन् । यस फिल्मको निर्माण संयोजन नगेन्द्र घिमिरेले सम्हालेका छन् ।

यस फिल्मको पार्श्व संगीतमा किरण तुलाधर,संगीततर्फ शान्ति ठटाल,सत्य-स्वरूप आचार्य र प्रकाश सपुतको छ । साथै फिल्मका गीतमा शब्द रचना मनबहादुर मुखिया, सुरेन्द्र राना र प्रकाश सपुतको शब्दको छ ।

यसै फिल्ममा कला निर्देशन प्रतिक चौधरीले गरेका छन् भने मुख्य सहायक निर्देशकको जिम्मा करण बहादुर साउदको छ ।

यस फिल्मलाई नेपालभर वितरण आरआर फिल्मसले गर्दैछ । साथै डिजिटल अधिकार ओएसआरले लिएको छ । फिल्म आगामी बैशाख ११ गतेबाट अल नेपाल प्रदर्शनमा आउँदैछ ।

## रंगशाला

# सन्तोषी र निर्मलालाई पिंक केयराथनको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं –** सन्तोषी श्रेष्ठ र निर्मला केसीले पिंक केयराथनको उपाधि जितेका छन् । सन्तोषीले २१.१ किलोमिटर हाफ म्याराथन र निर्मलाले १० किलोमिटर दौड जितेकी हुन् ।

धादिङकी सन्तोषीले १ घन्टा २१ मिनेट ११ सेकेन्डमा दौड पुरा गरेकी थिइन् । राज्यलक्ष्मीले १ घन्टा २८ मिनेट १ सेकेन्डमा पुरा गरि दोस्रो र त्रिभुवन आर्मी क्लबकी सरस्वती भट्टराई १ घन्टा २९ मिनेट ५९ सेकेन्डका साथ तेस्रो भइन् ।

यस्तै नेपाल एपीएफ क्लबकी सुशीला महत १ घन्टा ३१ मिनेट ०२ सेकेन्डका साथ चौथो र गोर्खाकी गीता नेपाली १ घन्टा ५१ मिनेट ५४ सेकेन्डका साथ पाँचौं भइन् । जावलाखेल फुटबल मैदानबाट सुरु भएको दौड पुल्चोक हरिहरभवन, बखुन्डोल, झम्सिखेल, धोविघाट, बल्खु, कलंकी बजार पुगेर फर्किएर एकान्तकुनमा हुदै जावलाखेल मैदानमा पुगेर सकिएको थियो ।

महिला सशक्तिकरण तथा स्तन क्यान्सरसम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले लेजरपोर्ट नेपालद्वारा आयोजित पिंक केयराथनको हाफ म्याराथनतर्फ शीर्ष तीनलाई क्रमशः ५१ हजार, ३१ हजार र २१ हजार रूपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो ।

१० किलोमिटर दौडतर्फ पहिलो भएकी आर्मीकी निर्मलाले ४० मिनेट ०८ सेकेन्डमा दौड पुरा गरेकी थिइन् ।

एपीएफकी आशा राउत दोस्रो र पुलिसकी सुमित्रा चौधरी तेस्रो भइन् । आशाले ४० मिनेट २७ सेकेन्डमा र सुमित्राले ४१ मिनेट ५० सेकेन्डमा पुरा गरेकी थिइन् । वर्षा थुमा ५४ मिनेट ४६ सेकेन्डका साथ चौथो, इन्द्रमाया पाखिन ५७ मिनेट २४ सेकेन्डका साथ पाँचौं र सितु लामा ५८.५६ सेकेन्डका साथ छैटौं भइन् । १० किलोमिटरका शीर्ष तीन धावनकलाई क्रमशः ३१, २१ र ११ हजार रूपैयाँ प्रदान गरिएको थियो ।

त्यस्तै फन रनको रूपमा रहेको ५ किलोमिटरमा तिलुमाया सुनुवार, रेश्माकुमारी रावल, सिता रिमाल तथा ३ किलोमिटरमा सुप्रिता थापा, गायत्री श्रेष्ठ र सांग्रीला श्रेष्ठ क्रमशः पहिलो देखि तेस्रो भए । ५ र ३ किलोमिटर फन रनतर्फ उत्कृष्ट १०-१० जनालाई आकर्षक उपहार प्रदान गरिएको आयोजकले जनाएको छ ।

लेजरपोर्टका अध्यक्ष नमराज जोशीका अनुसार झन्डै १ हजार ५ सय खेलाडी सहभागि भएका थिए । उनीहरूलाई खेल अघि जुम्बा गराइएको थियो । कार्यक्रममा मुम्बईबाट आएका गायक जनिष्ट जोशीले सांगीतिक प्रस्तुति दिएका थिए । २०१७ देखि काठमाडौं पिंकाथनको नामबाट दौड सुरु गरेको प्रतियोगिताको यो छैटौं संस्करण हो ।


**Government of Madhesh Province**

**Ministry of Physical Infrastructure Development**

**Infrastructure Development Directorate**

## Infrastructure Development Office

**Rautahat, Gaur**

## Invitation for Electronic Bids

**First Publication Date: 15-March, 2026**

1. ***Infrastructure Development Office, Rautahat, Gaur*** invites only electronic bids from Nepalese eligible bidders for the construction of following works under National Competitive Bidding procedures.

| S.n | Contract ID | Name of Project | Bid document fee (NRs.) | Bid Security amount in (NRs.) |
|---|---|---|---|---|
| 1 | IDO/RAU/NCB/W/ 30/2082/083 | Rautahat Garuda Na. Pa. 7 Pipariya ma Harihar Yadav Adhuro Samudayik Bhawan Nirmaan | Rs.5000 | 700000.00 |
| 2 | IDO/RAU/NCB/W/ 31/2082/083 | Nijgadh Fasttrack Bijaypur Mewa Bankul Bhansar Sadak, Rautahat | Rs.5000 | 750000.00 |

2. Bidding documents can be downloaded from e-GP system only in www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the fee of bidding documents mentioned above table

   **Name of the Bank:** Rastriya Banijya Bank

   **Name of Office:** Infrastructure Development Office, Rautahat

   **Office Code no. :** 3370120012

   **Office Account no.:** 1000100200010000

   **Rajaswa (revenue) Shirshak no. :** 14229

3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00 hrs*** on ***2026/04/16***. Bids received after this deadline will be rejected.
4. Bids will be opened at Infrastructure Development Office ,Rautahat in the presence of Bidders/Representative at **13:00 hrs** on **2026/04/16**.
5. The condition procedures not mentioned in this notice shall be as per bidding documents, Public Procurement Act 2063 and Public Procurement Regulation 2064.

**Deepak Kumar Mishra**

**Senior Divisional Engineer**

उत्तरपूर्वी चीनको हेइलोङजियाङ प्रान्तमा रहेको बेइदाहुआङ ग्रुप हेइलोङजियाङ वेइशान फार्ममा भटमास खेतमा काम गरिरहेका मजदुरहरू । *तस्विरः सिन्हुवा*

# उत्तर कोरियाद्वारा जापानी समुद्रमा १० वटा ब्यालेस्टिक मिसाइल प्रहार

**सियोल–** उत्तर कोरियाले शनिबार जापानको समुद्र क्षेत्रमा करिब १० वटा ब्यालेस्टिक मिसाइल प्रहार गरेको सियोलको संयुक्त चिफ अफ स्टाफ (जेसिएस) ले बताएको छ ।

प्योङयाङले पछिल्लो शान्ति प्रयासलाई भ्रामक भन्दै वासिङ्टनको सुरक्षा सहयोगी सियोलसँग कूटनीतिक मेलमिलापको आशालाई चकनाचूर गरेको जनाएको छ । सियोलको सेनाले उत्तर कोरियाको सुनान क्षेत्रबाट पूर्वी सागरतर्फ दिउँसो १:२० बजे ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरिएको पत्ता लगाएको जेसिएसले विज्ञप्तिमार्फत जनाएको हो ।

मिसाइलहरू करिब ३५० किलोमिटरको दूरीमा प्रहार भएको र दक्षिण कोरियाली र अमेरिकी अधिकारीहरूले तिनीहरूको विश्लेषण गरिरहेको जनाइएको छ । दक्षिण कोरियाली सेना 'कुनै पनि उक्साहटको जवाफ दिन' तयार रहेको जेसिएसले जनाएको छ ।

जापानको रक्षा मन्त्रालयले सामाजिक सञ्जाल एक्समा प्रक्षेपणको पुष्टि गर्दै ब्यालेस्टिक क्षेप्यास्त्र उत्तर कोरियाबाटै प्रक्षेपण गरिएको पुष्टि गरेको छ । दक्षिण कोरियाली प्रधानमन्त्री किम मिन-सिओकले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्योङयाङका नेता किम जोङ-उनसँग भेटवार्ता हुने निर्णयको केही समयपछि यो घोषणा आएको हो । वासिङ्टनले दशकौंदेखि उत्तर कोरियाको आणविक कार्यक्रमलाई ध्वस्त पार्ने प्रयासको नेतृत्व गरिरहेको जनाइएको छ ।

ट्रम्प प्रशासनले पछिल्लो समयमा प्योङयाङसँग उच्चस्तरीय वार्तालाई पुनर्जीवित गर्न दबाब दिएको छ ।

अक्टोबरमा एसियाको भ्रमणका क्रममा ट्रम्पले किम जोङ-उनसँगको भेटका लागि खुला रहेको बताएका थिए भने उत्तर कोरियाले टिप्पणीको जवाफ नदिएको बताइएको थियो । महिनौंसम्म ती प्रस्तावहरूलाई धेरै हदसम्म बेवास्ता गरेपछि किम जोङ उनले हालै वासिङ्टनले प्योङयाङको आणविक स्थितिलाई स्वीकार गरेमा दुई राष्ट्रबीच मेलमिलाप हुन सक्ने बताएका छन् ।

हाल विश्वको ध्यान मध्यपूर्वको युद्धमा केन्द्रित रहेको अवस्थामा उत्तर कोरियाले आफ्नो उपस्थितिमा ध्यान आकर्षित गर्न ऐतिहासिकरूपमा सैन्य उक्साहट गरेको कोरिया इन्स्टिच्युट फर मिलिटरी अफेयर्सका वरिष्ठ अनुसन्धानकर्ता होङ सुङ-पियोलाई उद्धृत गर्दै एएफपीले जनाएको छ । सन् १९५० मा आफ्नो छिमेकीमाथि आक्रमण गरी कोरियाली युद्ध सुरु गरेको परमाणु-सशस्त्र उत्तर-कोरियाले लामो समयदेखि यस्तो अभ्यासलाई आक्रमणको रूपमा वर्णन गर्दै आएको छ । प्योङयाङले इरानमाथि भएको अमेरिका-इजरायली आक्रमणलाई आक्रमणको अवैध कार्य भन्दै निन्दा गरेको छ भने यसले अमेरिकाको दुष्ट प्रकृतिलाई देखाउने दाबी गरेको छ । *रासस/एएफपी*

## युद्धमा इरानका संग्रहालय र ऐतिहासिक स्थलहरू क्षतिग्रस्त

**तेहरान–** इरानको पर्यटन मन्त्रालयले मध्यपूर्व युद्ध १५औं दिनमा प्रवेश गरेको उल्लेख गर्दै यसका कारण देशभरका कम्तीमा ५६ वटा संग्रहालय तथा ऐतिहासिक स्थलहरू क्षतिग्रस्त भएको शनिबार जनाएको छ ।

तेहरानमा अमेरिका-इजरायली आक्रमणले द्वन्द्वको प्रारम्भिक दिनहरूमा युनेस्कोमा सूचीबद्ध गोलेस्तान दरबारलाई क्षति पुऱ्याएको स्थानीय मिडियाले जनाएको छ । दरबार परिसर इरानी राजधानीको सबैभन्दा पुरानो स्थलहरूमध्ये एक हो भने परापूर्वकालमा कजार वंशको निवासको रूपमा रहेको थियो । तेहरानमा सबैभन्दा धेरै क्षतिग्रस्त स्मारकहरू रेकर्ड गरिएको जनाइएको छ ।

मध्य इरानी सहर इस्फहानमा रहेको १७औं शताब्दीको वास्तुकलाको गहना 'नघ्स-ए जहाँ स्क्वायर' पनि क्षतिग्रस्त भएको जनाइएको छ । युद्धले बुशहर प्रान्तको सिराफ बन्दरगाहमा, शताब्दीयौं पुराना भवनहरूको र ऐतिहासिक घरहरू प्रभावित भएको बताइएको छ ।

संयुक्त राष्ट्रसंघको सांस्कृतिक एजेन्सी युनेस्कोलेसमेत इरान, इजरायल र लेबनानका सयौं ऐतिहासिक स्थलहरू युद्धबाट क्षतिग्रस्त वा खतरामा परेकोमा चिन्तित रहेको एएफपीले बताएको छ । *रासस/एएफपी*

# इरानमाथिको हमलामा ५० हजारभन्दा बढी अमेरिकी सैनिक संलग्न

**वासिङ्टन–** पेन्टागनका एक वरिष्ठ अधिकारीले शुक्रबार बताएअनुसार इरानमाथि सैन्य हमलामा ५० हजारभन्दा बढी अमेरिकी सैनिक संलग्न छन् । पेन्टागनका प्रेससचिव किंग्स्ली विल्सनले भने, 'यी बलहरूले हवाई र समुद्री क्षेत्रमा नियन्त्रण स्थापना गरेका छन् र हजारौं चिह्नित इरानी लक्ष्यमा आक्रमण गरेका छन्, जसले सञ्चालनात्मक प्रभुत्व देखाउँछ ।'

अमेरिकी सेन्ट्रल कमाण्डले बिहीबार लगभग छ हजार लक्ष्यमा हमला गरिएको, ६० भन्दा बढी जहाज र ३० मिनेलयर नष्ट भएको जानकारी दिएको छ । यस अपरेसनमा प्रयोग हुने हतियारहरूमा लडाकु जहाज, ड्रोन, मिसाइल रक्षा प्रणाली, युद्धपोत, ड्रोनविरुद्धका उपकरण, इन्धन आपूर्ति गर्ने विमान र कार्गो विमानहरू समावेश छन् ।

पेन्टागनले अर्को विवरणअनुसार ट्रिपोली नामक एक उभयचर हमला जहाज र लगभग दुई हजार ५०० मरीनलाई मध्यपूर्वमा तैनाथ गरिरहेको छ । सेन्ट्रल कमाण्डले शुक्रबार पश्चिम इराकमा बिहीबार दुर्घटनाग्रस्त भएको अमेरिकी इन्धन आपूर्ति विमानमा रहेका सबै छ चालक दलका सदस्यको मृत्यु भएको पुष्टि गरेको छ । यसले संयुक्त अमेरिकी-इजरायली इरानमाथि फेब्रुअरी २८ देखि सुरु गरेका आक्रमणमा मृत्यु हुने अमेरिकी सैनिकको संख्या कम्तीमा १३ पुगेको जनाएको छ ।

इरानका संयुक्त राष्ट्रस्थित स्थायी प्रतिनिधि अमीर सईद इरावानीका अनुसार हमलामा एक हजार ३०० भन्दा बढी नागरिकको मृत्यु भएको र नौ हजार ६६९ नागरिकस्थल नष्ट भएका छन् । *रासस/सिन्हुवा*

# इरानको तेल नेटवर्कमाथि अमेरिकी आक्रमण

**वासिङ्टन–** अमेरिका र इरानबीचको द्वन्द्व तीव्र हुँदै गएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पका अनुसार अमेरिकाले इरानको तेल नेटवर्कसँग सम्बन्धित महत्त्वपूर्ण खार्ग टापुमा सैनिक लक्ष्यमा बमबारी गरेको छ । यो टापु इरानको मुख्य तेल निर्यात टर्मिनल भएको स्थान हो ।

अमेरिकी सेनाले टापुमा रहेका सैन्य लक्ष्यहरू पूर्णरूपमा नष्ट गरेको र आवश्यक परे तेल पूर्वाधारलाई पनि निशाना बनाउन सकिने चेतावनी ट्रम्पले दिएका छन् । यसअघि इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर कालीबाफले यस्ता आक्रमणहरू इरानको कडा प्रतिक्रिया निम्त्याउने चेतावनी दिएका थिए ।

इरानको राजधानी तेहरानमा शुक्रबार एक ठूलो विष्फोट भएको थियो । विष्फोट त्यही क्षेत्रमा भएको थियो जहाँ हजारौं मानिसहरूले वार्षिक प्यालेस्टिनी समर्थक ञ्चालीमा सहभागी भई इजरायल र अमेरिकाविरुद्ध नाराहरू लगाएका थिए । यस ञ्चालीमा केही उच्च सरकारी अधिकारी पनि उपस्थित थिए । विष्फोटका कारण मानवीय क्षति नभएको जानकारी दिइएको छ, तर यस घटनाले द्वन्द्वमा दुवै पक्षको अडिग निर्णय र प्रतिकार क्षमतालाई स्पष्ट पारेको छ ।

युद्धमा अमेरिकी बललाई थप सुदृढ गर्न ३१औं मरीन एक्सपेडिसनरी युनिट र उभयचर हमला जहाज ट्रिपोली मध्यपूर्वमा पठाइएको छ । यी मरीन युनिटहरूले उभयचर आक्रमणमामात्र होइन, दूतावास सुरक्षा, नागरिक उद्धार र विपद् राहतका कार्यमा पनि विशेषज्ञता राख्छन् । यो तैनाथीले अनिवार्यरूपमा कुनै भू-आक्रमणको संकेत नगर्ने अमेरिकी अधिकारीहरूले बताएका छन् । पहिले नै अमेरिकी नौसेनाले अरब सागरमा एरोक्राफ्ट क्यारियर अब्राहाम

लिंकन र आठ विध्वंसक जहाजसहित १२ जहाज परिचालनमा राखेको थियो । ट्रिपोली जहाज सामेल भएपछि यो बल क्षेत्रको दोस्रो सबैभन्दा ठूलो जहाज हुने छ ।

इरानले इजरायल र खाडी क्षेत्रका छिमेकी देशहरूमा मिसाइल र ड्रोन आक्रमण निरन्तर जारी राखेको छ । स्ट्रेट अफ होरमुज, जहाँ विश्व व्यापारमा प्रयोग हुने तेलको करिब पाँचौं भाग जान्छ, प्रायः बन्द भएको छ । यसले खाडी क्षेत्रमा तेल आपूर्ति र अन्तर्राष्ट्रिय बजारमा दबाब सिर्जना गरेको छ ।

मानवीय संकट गहिरो हुँदै गएको छ । लेबनानमा इरान समर्थित हिजबुल्लाह मिलिटनहरूमा इजरायली हमला हुँदा करिब ८०० जनाको मृत्यु भइसकेको छ भने आठ लाख ५० हजार जना विस्थापित भएका छन् । इजरायल-हिजबुल्लाह द्वन्द्वमा लेबनानमा ७७३ जनाको मृत्यु भइसकेको छ, जसमा १०० भन्दा बढी बालबालिका र १८ स्वास्थ्यकर्मीहरू रहेका छन् ।

अमेरिकाले युद्धको सुरुदेखि १५ हजारभन्दा बढी इरानी लक्ष्यमा हमला गरेको छ । अमेरिकी रक्षासचिवले प्रतिदिन एक हजारभन्दा बढी लक्ष्यमा आक्रमण भइरहेको जानकारी दिएका छन् । पश्चिम इराकमा अमेरिकी इन्धन आपूर्ति विमान दुर्घटनामा परेर छ चालक दलका सदस्यको मृत्यु भएको छ । यो दुर्घटना अमेरिकी सेनाका चारवटा सार्वजनिकरूपमा पुष्टि भएका विमान दुर्घटनाहरूमध्ये चौथो हो । यसअघि तीन अमेरिकी लडाकु जहाज कुवेतबाट आएको मित्रराष्ट्रको गल्तीपूर्ण फायरमा क्षतिग्रस्त भएका थिए ।

यो द्वन्द्वले विश्वव्यापी अर्थतन्त्र, खाडी क्षेत्रको सुरक्षा स्थिति र मानवीय संकटमा गम्भीर प्रभाव पारेको छ । तेल र ऊर्जा आपूर्तिमा जोखिम बढेको, लाखौं नागरिक विस्थापित भएका र सम्पत्ति नष्ट भएको स्थिति छ । दुवै पक्षको कडा प्रतिकार र युद्ध रणनीतिले यस द्वन्द्वलाई अझ जटिल र खतरनाक बनाएको छ । *रासस/एपी*

# लेबनानमा बढ्दो मानवीय संकटप्रति संयुक्त राष्ट्रसंघको चिन्ता

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका वरिष्ठ अधिकारीहरूले लेबनानमा इजरायली बमबारीबाट प्रभावित मानिसहरूका लागि तत्काल सहायता उपलब्ध गराउन तथा मानवीय राहत सामग्री सुरक्षितरूपमा पार गर्न अनुमति दिन अपिल गरेका छन् ।

अचानक गरिएको लेबनान भ्रमणका क्रममा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले दक्षिणी लेबनानमा भएका इजरायली आक्रमणका पीडितका लागि ३० करोड ८३ लाख अमेरिकी डलरबराबरको तीन महिनाको आपत्कालीन सहायता अपिल घोषणा गरेका छन् । यो जानकारी महासचिवका मुख्य प्रवक्ता स्टेफान दुजारिकले दिए ।

उनका अनुसार उक्त सहायता कार्यक्रमबाट झण्डै १० लाख मानिस लाभान्वित हुने अपेक्षा गरिएको छ । यसमा प्रभावित कमजोर लेबनानी नागरिक, विस्थापित सिरियाली, लेबनानका प्यालेस्टिनी शरणार्थी, सिरियाबाट आएका प्यालेस्टिनी शरणार्थी तथा आप्रवासीहरू समावेश छन् । महासचिव गुटेरेसले क्षेत्रीय द्वन्द्वका कारण सर्वसाधारणले भोगिरहेको पीडा अन्त्य गर्न दुवै

पक्षलाई तुरुन्त युद्धविराम गर्न पनि आग्रह गरेका छन् । लेबनान भ्रमणका क्रममा उनले राष्ट्रपति जोसेफ औन, संसद् सभामुख नबिह बेरी र प्रधानमन्त्री नवाफ सलामसँग भेटवार्ता गरेका थिए ।

यसैबीच संयुक्त राष्ट्रसंघका मानवीय मामिला तथा आपत्कालीन राहत संयोजक टम फ्लेचरले मानवीय राहत सामग्री बोक्ने जहाजहरूलाई अवरोधविना सुरक्षित मार्ग उपलब्ध गराउन तत्काल अपिल गरे । उनले चेतावनी दिँदै भने, 'यदि मार्गमा अवरोध आयो भने खाद्यान्न, औषधि र जीवनरक्षक सामग्रीको मूल्य बढ्ने छ, जसको असर सबैभन्दा बढी कमजोर समुदायमा पर्ने छ ।'

संयुक्त राष्ट्रसंघका निकायहरूले उक्त समुद्री मार्गलाई विश्व व्यापारका लागि अत्यन्त महत्त्वपूर्ण मार्ग भएको बताएका छन् । हाल जहाज आवागमन लगभग ठप्प भएको र इन्धनको लागत बढ्दै गएकाले विश्वव्यापी आपूर्ति शृंखलामा ढुवानी खर्च बढ्ने जोखिम रहेको बताइएको छ ।

संयुक्त राष्ट्रसंघको मानवीय समन्वय कार्यालयका अनुसार पछिल्लो २४ घण्टामा गाजा क्षेत्रमा रहेको सीमा नाकाबाट पठाउन खोजिएका अधिकांश मानवीय सामग्रीहरूलाई अनुमति दिइएको छैन । फलस्वरूप संयुक्त राष्ट्रसंघले इन्धनमात्र संकलन गर्न सकेको छ, अन्य राहत सामग्री भने प्रवेश गर्न पाएका छैनन् । यस क्रममा विश्व स्वास्थ्य संयुक्त राष्ट्रसंघले मानवीय आपूर्ति मार्ग अवरुद्ध भए लाखौं मानिस जीवनरक्षक सहायता नपाउने जोखिममा पर्ने चेतावनी दिएका छन् । *रासस/सिन्हुवा*

# बेलायतको २०२६ मा अर्थतन्त्र स्थिर, वृद्धिदर शून्यमा

**लण्डन–** बेलायतको जनवरी २०२६ मा वास्तविक सकल घरेलु उत्पादन वृद्धि शून्यमा पुगेको छ । डिसेम्बर २०२५ मा ०.१ प्रतिशत र नोभेम्बर २०२५ मा ०.२ प्रतिशत वृद्धिदर देखिएको थियो, तर जनवरीमा वृद्धि रोकिएको राष्ट्रिय तथ्यांक कार्यालयका तथ्यांकले शुक्रबार देखाएका छन् ।

विशेषगरी सेवा क्षेत्रको उत्पादन जनवरीमा कुनै वृद्धि देखाएन, र उत्पादन क्षेत्रको उत्पादन ०.१ प्रतिशतले घटचो । यद्यपि, निर्माण क्षेत्रमा ०.२ प्रतिशतको वृद्धि देखिएको छ । जनवरी सन् २०२६ सम्मका तीन महिनामा वास्तविक सकल घरेलु उत्पादन अक्टोबर २०२५ सम्मको तीन महिनासँग तुलना गर्दा ०.२ प्रतिशतले बढेको तथ्यांकले देखाएको छ ।

अर्थ तथ्यांक निर्देशक लिज म्याक्क्युनले पछिल्ला तीन महिनामा वृद्धिदर थोरै बढेको बताए । यसमा कार निर्माण क्षेत्रमा सुधार र थोक उद्योगको कमजोर गर्मी पछि पुनरुत्थान मुख्य कारण रहेको उनले बताएका छन् । तर, जनवरी महिनाको तथ्यांकले समग्र अर्थतन्त्र अझै सुस्त रहँदै आएको देखाएको छ ।

ब्रिटिस चेम्बर्स अफ कमर्सका अनुसन्धान प्रबन्धक स्टुअर्ट मोरिसनले भने, 'आजको तथ्यांकले देखाउँछ कि ब्रिटेनको अर्थतन्त्र चिन्ताजनक कम वृद्धिदरको जालोमा अड्किएको छ ।' उनले जोड दिए, 'कम्पनीहरूको आत्मविश्वास कम छ, लगानी गर्न संघर्षरत छन् र भर्तीमा रोक लगाइरहेका छन् ।'

स्वतन्त्र बजेट जिम्मेवारी कार्यालयले मार्चको सुरुआतमा २०२६ मा ब्रिटेनको अर्थतन्त्र १.१ प्रतिशतले वृद्धि गर्ने अपेक्षा गरिएको जनाएको छ, जुन नोभेम्बरमा गरिएको १.४ प्रतिशतको पूर्वानुमानभन्दा कम हो । यसले नजिकको समयमा कमजोर आर्थिक दृष्टिकोण देखाएको छ ।

मोरिसनले भने, 'स्थिति सुधार हुनुअघि अझ खराब हुन सक्ने सम्भावना छ । हालको विश्वव्यापी अनिश्चितता, जसमा अमेरिकी शुल्क र मध्यपूर्व द्वन्द्व समावेश छन्, अर्थतन्त्रको दृष्टिकोणमा असर पुऱ्याइरहेको छ ।'

बजेट जिम्मेवारी कार्यालयले २०२६ का लागि ब्रिटेनको वृद्धिदर सिर्फ एक प्रतिशत रहने अनुमान गरेको छ । वर्तमान आर्थिक उतारचढावले मुद्रास्फीति बढाएको र थप ब्याजदर कटौती सम्भावित नहुने अवस्थामा रहेको उनले उल्लेख गरे । *रासस/सिन्हुवा*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - | प्रति तोला - | प्रति तोला - |
| ३१४२०० | ० | ५४९५ |



**चिया बगान** | सूर्योदय नगरपालिका-३ बौद्धधामस्थित चिया बगानको हरियाली दृश्य । फागुन अन्तिम सातादेखि इलामका अधिकांश बगानमा चियाको पहिलो टिपाई सुरु भएको छ । *तस्बिर: मनोज अधिकारी/रासस*

इथानोल मिश्रित पेट्रोल

# ऊर्जा आयात घटाउने र रोजगारी बढाउने नीति लागू

■ प्रभाव संवाददाता

**काठमाडौं** – सरकारले पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने नयाँ नीति कार्यान्वयनमा ल्याएको छ । मन्त्रिपरिषद्ले जारी गरेको 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' शुक्रबार राजपत्रमा प्रकाशित भएको छ ।

यो आदेशमार्फत स्वदेशी कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धन, रोजगारी सिर्जना, कृषि तथा जैविक स्रोतको उपयोग बढाउने र ऊर्जा क्षेत्रमा आयातमा निर्भरता घटाउने सरकारको लक्ष्य छ । आदेशअनुसार नेपाल आयल निगमले उपलब्धताअनुसार प्रति लिटर पेट्रोलमा अधिकतम १० प्रतिशतसम्म इथानोल मिश्रण गर्नुपर्नेछ । आवश्यकताअनुसार मन्त्रिपरिषद्ले यो अनुपात घटबढ गर्न सक्ने व्यवस्था पनि आदेशमा गरिएको छ ।

इथानोल उत्पादनका लागि प्रयोग गर्न सकिने कच्चापदार्थमा मोलासेस, नेपियर घाँस, खेर जाने कृषि तथा वनजन्य जैविक पदार्थ, पराल, मकैको ढोड, गहुँको छ्वाली, सिमल तरुल (कास्साभा), सडेगलेको अन्न, मर्चा (यिस्ट) र अन्य आवश्यक रसायन समावेश छन् । खाद्यान्नको दुरूपयोग रोक्नका लागि खाद्यान्नका रूपमा प्रयोग हुने अन्न इथानोल उत्पादनमा प्रयोग गर्न नपाइने व्यवस्था पनि गरिएको छ ।

उद्योगहरूले प्रचलित कानुन अनुसार तोकिएका कच्चापदार्थबाट मात्र उत्पादन गर्नुपर्नेछ र उत्पादन गरिएको इथानोल नेपाल आयल निगमलाई मात्र बिक्री वितरण गर्नुपर्नेछ । यसले बजारलाई नियन्त्रित गर्दै इथानोलको प्रयोग पेट्रोलमा मिश्रणसम्म सीमित गर्ने नीति स्पष्ट गर्दछ ।

> इथानोल उत्पादनका लागि प्रयोग गर्न सकिने कच्चापदार्थमा मोलासेस, नेपियर घाँस, खेर जाने कृषि तथा वनजन्य जैविक पदार्थ, पराल, मकैको ढोड, गहुँको छ्वाली, सिमल तरुल (कास्साभा), सडेगलेको अन्न, मर्चा (यिस्ट) र अन्य आवश्यक रसायन समावेश छन् ।

उद्योगहरूले उत्पादन प्रक्रियामा वातावरणमैत्री उपाय अपनाउनुपर्ने, गुणस्तर मापदण्ड कायम गर्नुपर्ने र गुणस्तर परीक्षणको जिम्मेवारी आफ्नै प्रयोगशालाबाट गर्नुपर्ने आदेशमा उल्लेख छ । निगमले पनि प्रत्येक ट्याङ्करको गुणस्तर परीक्षण गरेर मात्र खरिद गर्नेछ । इथानोलको मूल्य निर्धारण सरकारद्वारा सिफारिस समितिको सुझावमा प्रत्येक आर्थिक वर्ष सुरु हुनु अघि हुने छ । मूल्य निर्धारण नहुँदा अघिल्लो वर्षको मूल्य कायम रहनेछ । निर्धारित मूल्य प्रत्येक वर्ष साउन १ गतेदेखि लागू हुनेछ ।

नेपाल आयल निगमले इथानोल खरिदका लागि उद्योगसँग सम्झौता गर्नुपर्नेछ र उद्योगले दैनिक आवश्यक परिमाण, तोकिएको स्थान र समयमा इथानोल उपलब्ध गराउनुपर्नेछ । उद्योगले सम्झौतामा उल्लङ्घन गरेमा प्रचलित कानुन अनुसार क्षतिपूर्ति माग गर्न सकिने व्यवस्था गरिएको छ ।

इथानोल ढुवानीको जिम्मेवारी उद्योगलाई दिइएको छ । अत्यधिक ज्वलनशील र पानी अवशोषण गर्ने प्रकृतिको इथानोल ढुवानी गर्दा उच्च सुरक्षा मापदण्ड अपनाउनुपर्ने आदेशमा उल्लेख गरिएको छ । मन्त्रालयले सुरक्षित भण्डारण, मिश्रण र ढुवानीका लागि मापदण्ड तयार गरी लागू गर्नेछ ।

सरकारले इथानोल मूल्य निर्धारण र उद्योगलाई सुविधा दिने सिफारिसका लागि समिति गठन गरेको छ । समितिको संयोजक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव हुनेछन् भने अर्थ, कृषि, गुणस्तर तथा नापतौल विभाग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र नेपाल आयल निगमका प्रतिनिधि सदस्य रहनेछन् ।

आदेशअनुसार समितिले कच्चापदार्थ लागत, कर छुट, सुविधा, राष्ट्रिय प्राथमिकता उद्योग मान्यता, उपकरण आयातमा कर छुट, कृषक र कृषि सहकारीलाई मल/बिज/विद्युत् महसुलमा सहुलियतलगायत विषयमा सिफारिस गर्नेछ । यो नीति कार्यान्वयनबाट कृषि अवशेष र जैविक स्रोतको उपयोग बढाउने, नयाँ उद्योग स्थापना गर्ने र ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ । यसको कार्यान्वयनको प्रभावकारिता भने उद्योगको क्षमता, कच्चापदार्थको उपलब्धता तथा सरकारको नियमनमा निर्भर हुनेछ ।

# प्राधिकरणको केन्द्रीय 'वर्कसप'ले गऱ्यो ९०० ट्रान्सफर्मर मर्मत

■ प्रभाव संवाददाता

**बाग्मती** – कर्मचारी अभावका बावजुद मकवानपुरको हेटौंडास्थित नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय 'वर्कसप'ले चालु आर्थिक वर्षको सात महिनामा नौ सय ट्रान्सफर्मर मर्मत गरेको छ ।

कार्यालय प्रमुख इन्जिनियर राजकुमार श्रेष्ठका अनुसार चालु आव २०८२/८३ को साउनदेखि हालसम्म वर्कसपमा विभिन्न जिल्लाबाट बिग्रिएर आएका ती ट्रान्सफर्मर मर्मत गरी फिर्ता पठाइएको हो ।

गत आव २०८१/८२ मा एक हजार नौ सय ५० थान ट्रान्सफर्मर मर्मत गरेको सो वर्कसपले चालु आवमा एक हजार ५०० को हाराहारीमा ट्रान्सफर्मर मर्मत गर्ने लक्ष्य लिएको प्रमुख श्रेष्ठले बताए । 'हामीसँग चाहिने जति जनशक्ति छैन, केही समय ट्रान्सफर्मरमा प्रयोग हुने तेल र तामाको मूल्य बढेर आपूर्तिका लागि 'टेन्डर' हुन नसक्दा मर्मतको काम रोकियो', उनले भने, 'पछिल्लो दुई महिनादेखि ट्रान्सफर्मर मर्मतको काम भइरहेको छ । लक्ष्य भेटाउने गरी काम गर्छौं ।'

उक्त वर्कसपले मधेस प्रदेश, गण्डकीका सबै जिल्ला तथा बाग्मती प्रदेशका मकवानपुर, चितवन, सिन्धुली जिल्लामा जडान भएका ट्रान्सफर्मर मर्मत गर्दै आएको छ । कुल ४९ जना जनशक्तिको दरबन्दी रहेको वर्कसपमा हाल २९ जना स्थायी, १५ जना ज्यालादारी र आठ जना करारका कर्मचारी कार्यरत छन् ।

प्रमुख श्रेष्ठका अनुसार कार्यालयमा माथिल्लो तहको जनशक्ति भए पनि हेल्पर, जुनियर हेल्परको अभाव छ । 'ट्रान्सफर्मर खोल्न र लगाउन हेल्पर र जुनियर हेल्पर आवश्यक हुन्छ, ती कर्मचारी हामीसँग तीन जना मात्रै छन् । त्यसैले काम गर्न समस्या भइरहेको छ ।'

ट्रान्सफर्मर मर्मतको सङ्ख्या र दायित्व बढे पनि पुरानै दरबन्दीअनुसार जनशक्ति व्यवस्थापन हुँदा सोचेअनुसार काम गर्न समस्या रहेको उनले बताए । जनशक्ति व्यवस्थापनका लागि केन्द्रमा पटक पटक पत्राचार गरे पनि खासै उपलब्धि नभएको श्रेष्ठको भनाइ छ ।

उनका अनुसार हाल यहाँ महिनामा एक सय ५० देखि दुई सयसम्म ट्रान्सफर्मर मर्मत भइरहेका छन् । 'मुलुकमा खाना पकाउने ग्यासको अभाव भइरहेको छ, यस्तो अवस्थामा विद्युतीय चुलोको प्रयोग बढ्न सक्छ र गर्मी पनि बढ्ने भएकाले अत्यधिक संख्यामा ट्रान्सफर्मर बिग्रिन सक्ने सम्भावना छ', प्रमुख श्रेष्ठले भने, 'जनशक्ति नबढाइए समयमा ट्रान्सफर्मर गर्न कठिनाइ हुनसक्छ, यसमा केन्द्रको ध्यानाकर्षण गराइरहेका छौं ।'

# उद्यमीलाई विनाधितो ऋण

**म्याग्दी**– म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिकाले उद्यमीलाई बिनाधितो ऋण उपलब्ध गराएको छ । तीन वर्षअघि सुरु भएको यस कार्यक्रमबाट हालसम्म ५० जनालाई रु ४९ लाख ७५ हजार बिनाधितो ऋण लगानी गरेको हो । गाउँपालिकाका सूचना अधिकारी भेषनाथ आचार्यले 'रूपान्तरणीय सामाजिक परिचालनद्वारा वडा विकास कार्यक्रम' अन्तर्गत शुक्रबार थप रु नौ लाख अनुदान उपलब्ध गराएको जानकारी दिए ।

'विभिन्न प्रकृतिका उद्यमको वर्गीकरण गरी छनोट भएका उद्यमीलाई किस्ता बन्दीमा फिर्ता गर्ने गरी एक जनालाई रु एक लाखका दरले अनुदान उपलब्ध गराएको,' उनले भने 'वडा विकास कार्यक्रमले टोल विकास संस्थाका सदस्यलाई आत्मनिर्भर बनाउन तथा आर्थिकस्तर वृद्धि गर्न पछिल्लो तीन वर्षदेखि घुम्ती कोष परिचालन गरी सहयोग गर्दै आएको छ ।' यसअघि गत कात्तिकमा १२ जनालाई रु १२ लाख, विसं २०८१ मा २० जनालाई, २०८० मा नौ जनालाई सहयोग गरेको थियो । हालसम्म ५० जनालाई रु ४९ लाख ७५ हजार बिनाधितो ऋण लगानी गरेको गाउँपालिकाले जनाएको छ ।

थप ऋण पाउनेमा वडा नं १ का चक्रे दमाई, ३ का सोमबहादुर दमाई, दुर्गा रेग्मी, शन्तु भण्डारी, वडा नं ४ का रिता मल्ल, बसन्तीकुमारी मल्ल, दुर्गबहादुर दर्जी, वडा नं ६ का कौशिला नेपाली र वडा नं ७ का रोहितप्रसाद आचार्य रहेका छन् । सहुलियत ब्याजदरमा बिनाधितो प्राप्त गरेको घुम्ती कोषको रकम अवधि पुगेपछि टोल विकास संस्थालाई फिर्ता गर्नुपर्नेछ । असल उद्यमी निर्माण तथा उद्यमशीलताको विकास गर्ने, भौतिक पूर्वाधारका काममा गुणस्तर कायम गर्ने, कृषि तथा पशुजन्य उत्पादनमा आत्मर्निभर बनाउने, युवाको विदेश पलायनमा न्यूनीकरण गरी रोजगारीका अवसर सिर्जना गर्नेलगायत उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ ।

कृषि उद्यमलाई प्रभावकारी बनाउन र गरिबी न्यूनीकरण गर्ने उद्देश्यले घुम्ती कोष परिचालन गरिएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताए । उनका अनुसार हरेक वर्ष फरकफरक उद्यमीलाई विउँपुजी सहयोग गरिएको छ ।

पालिकाभित्रै व्यावसायिकरूपमा गरिने फलफूल, तरकारी उत्पादन, पशुपक्षीपालन, घरेलु औजार तथा उपकरण निर्माण गरी स्वरोजगारमूलक काम गरिरहेका उद्यमीको प्रोत्साहन हुनुका साथै यस क्षेत्रमा लाग्न चाहने युवालाई पनि प्रेरणा मिल्ने अपेक्षा गरिएको छ । *रासस*

## बजारमा ग्यास अभाव, आयात भने नियमित

**सिद्धार्थनगर (प्रस)**– भैरहवा क्षेत्रका बजारमा एलपी ग्यासको अभाव देखिएको भन्दै उपभोक्ताले चिन्ता व्यक्त गरेका छन् । ग्यास आयातमा कमी नभएको जनाइए पनि बजारमा भने उपभोक्ताले सहज रूपमा ग्यास पाउन नसकेको बताएका छन् ।

स्थानीय उपभोक्ताहरूका अनुसार एउटा ग्यास सिलिण्डरका लागि दिनभरि पसल-पसल धाउनुपर्ने अवस्था सिर्जना भएको छ । ग्यास विक्रेताले समेत मौज्दात सकिएको भन्दै उपभोक्तालाई फर्काइदिने गरेको उनीहरूको भनाइ छ । ग्यास विक्रेताको ग्यास सिलिण्डरको लामो लाइन लागेको छ ।

लामो समयसम्म पालो कुर्दा पनि खाना पकाउने एलपी ग्यास पाउन नसकेको स्थानीय प्रदीप ज्ञवालीले बताए । नियमित भान्छा चलाउन पनि ग्यास नपाउने अवस्था आउँदा दैनिक जीवन कष्टकर हुँदै गएको उनको भनाइ छ ।

ग्यास विक्रेताले पनि कम्पनीबाट पर्याप्त ग्यास उपलब्ध नगराउँदा अभाव देखिएको बताएका छन् । मागअनुसारको आपूर्ति नहुँदा उपभोक्तालाई उपलब्ध गराउन नसकिएको उनीहरूको भनाइ छ ।

यद्यपि भैरहवा भन्सार कार्यालयका अनुसार भने ग्यास आयात नियमित रूपमा भइरहेको छ । भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलका अनुसार केही दिन निर्वाचनका कारण आयातमा सामान्य समस्या देखिए पनि अहिले अवस्था सामान्य भइसकेको छ । दैनिक रूपमा ग्यास बोकेका बुलेट ट्यांकर नाकाबाट नेपाल भित्रिने क्रम जारी रहेको जनाइएको छ ।

## 'थप लगानीका लागि बोर्डको उपयुक्त वातावरण तयार पार्न भूमिका'

■ प्रभाव संवाददाता

**काठमाडौं**– लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले थप लगानीको वातावरण तयार पार्न बोर्डले विशेष भूमिका निर्वाह गर्ने बताएका छन् ।

गैरआवासीय नेपाली संघको १२औं महाधिवेशनमा आयोजित नेपालको भविष्यको अर्थतन्त्र सुदृढ गर्न लगानीको मार्गचित्र विषयक छलफल कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले निर्वाचनबाट झण्डै दुई तिहाइ प्राप्त प्रधानमन्त्री लगानी बोर्डको अध्यक्ष रहने भएकाले लगानीको थप वातावरण तयार पार्न र लगानी वृद्धिका लागि बोर्डले नेतृत्वदायी भूमिका निर्वाह गर्ने बताए । उनले गैरआवासीय नेपालीले नेपालमा थप लगानीका लागि आवश्यक पर्ने नीतिगत र कानूनी व्यवस्था गर्न लगानी बोर्डले सहजीकरण गर्ने उल्लेख गर्दै पूँजी पलायन हुनसक्ने भयबाट मुक्त हुनु पर्ने धारणा व्यक्त गरे ।

संविधानले राजनीतिक बाहेक आर्थिक, साँस्कृतिक लगायतका अधिकारहरू गैरआवासीय नेपालीलाई प्रदान गरेको बताउँदै प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले नेपालमा आउन सक्ने लगानीलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिए । 'गैरआवासीय नेपालीलाई नेपालमा लगानी गर्न सम्भव सबै हिसाबले सहयोग गर्नुपर्छ,' ज्ञवालीले भने, 'हुन नसक्ने कुरालाई प्रष्ट भनिदिनु पर्छ । ढिला गर्ने र अल्मलाउने छुट कसैलाई छैन ।'

लगानीको वातावरण तयार पार्न आत्मविश्वास सिर्जना गर्न सरकार, निजी क्षेत्र, गैरआवासीय नेपाली र सरोकारवाला निकायबीच संवाद र समन्वय गर्नुमा जोड दिँदै उनले लगानी बोर्डलाई आर्थिक, कानूनी, जनशक्तिका हिसाबले थप अधिकार हुनुपर्ने बताए । साथै प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले नवप्रर्वतनका क्षेत्रमा सिधै प्रस्तावहरू पेश गर्न पनि गैरआवासीय नेपालीलाई आग्रह गरे ।

६ अर्ब भन्दा माथिका परियोजनाहरूलाई लगानी बोर्डले स्वीकृति दिने भएपनि सो भन्दा तलका लगानीलाई अघि बढाउन सरोकारवाला निकायहरूसँग सहजीकरण गर्ने प्रतिवद्धता पनि प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले व्यक्त गरेका थिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ